# इनरूवाको नालिवेली (इतिहास)





सहयोगी लेखकः
प्रज्जवल काफ्ले

लेखकः
देवीप्रसाद खतिवडा



प्रकाशकः
इनरूवा नगरपालिका


श्री भगवती माता मन्दिर


सुनसरी जिल्ला
ईनरुवा नगरपालिका
N
Ramdhuni Nagarpalika
Itahari Upamahanagarpalika
Bhokraha Gaunpalika
Gadhi Gaunpalika
Harinagara Gaunpalika
8
6
7
3
3
1
4
5
2
9
10
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# हाल इनरुवाको नक्सा

| | | |
|---|---|---|
| कृति | : | इनरुवाको नालिवेली (इतिहास) |
| विधा | : | लेख |
| लेखक | : | देवीप्रसाद खतिवडा |
| सहयोगी लेखक | : | प्रज्ज्वल काफ्ले |
| प्रकाशक | : | इनरुवा नगरपालिका, सुनसरी |
| सर्वाधिकार | : | लेखकमा |
| प्रथम संस्करण | : | २०८२ |
| प्रकाशित प्रति | : | १००० |
| मुद्रक | : | गजुरमुखी प्रिन्टर्स, विराटनगर |
| ISBN No. | : | 978-9937-1-9562-1 |

# समर्पण



माताः वृन्दादेवि खतिवडा



लेखकः देविप्रसाद खतिवडा
इनरुवा-१, सुनसरी



सहयोगी लेखकः प्रज्जवल काफ्ले
इनरुवा-३, सुनसरी

# लेखकको भनाई



आजको इनरूवा बिगतको कुनै कालखण्डमा मानव बस्तीको रूपमा रहेको तर कालान्तरमा गएर सो बस्ती ध्वस्त भई बाघ चितुवा बस्ने घना जंगलमा परिणत भएको हुनुपर्छ। यस कुराको पुष्टि श्री वैष्णवी देवि माताको मन्दिर क्षेत्रमा केही उत्खनन मै निस्केका केही वस्तुहरूले गर्दछन्। यस सम्बन्धमा व्यापक थप उत्खनन अनुसन्धानको आवश्यकता रहेको छ।

प्रारम्भिक इनरूवाको चौहद्दी पूर्वमा श्रीप्रसाद भण्डारी समेतको जिमीदारी रहेको (वर्तमान बलाहा क्षेत्र),पश्चिममा सुनसरी खोला, उत्तरमा कुरुवा खोला र दक्षिणमा बबीया ढिक/झरना रहेतापनि वर्तमानमा तत्कालीन बबीया गा.वि.स., मधेशा गा.वि.स, डुम्राहा र चाँदबेला गा.वि.स. को केही भाग जोडिएर इनरूवा नगरपालिकामा परिणत भएको हो। मुख्य बजारको रूपमा तत्कालीन इनरूवा बजार दक्षिणमा हालको बालमन्दिर मोड छेउछाउ, उत्तरमा वर्तमान श्री सत्यनारायण मन्दिर छेउछाउ, पूर्वमा अस्पताल छेउछाउदेखि पश्चिममा पुहुपलाल यादवको पक्का घर सम्म रहेको थियो। त्यसमा पनि बालेश्वर महादेव मन्दिरको सेरोफेरो (जहाँ पहिले ठूल्ठूला वर पीपलका गाछी लहरै थिए र जहाँ बिहीवारे हाट लाग्ने गर्दथ्यो) मैं केन्द्रित थियो।

मेरो कहिलेकाही कविता लेख्ने बानी रहेको छ तर बुढेशकाल (नौ दशक पार) मा काम्दै गरेका हातले यो इनरुवाको नालिवेलीको बारेमा लेखनी गर्ने जमर्को तब गरे जब अन्य प्रकाशनहरुमा इनरूवा सम्बन्धी लेखिएको वृतान्त इनरूवाको वास्तविक इतिहाससँग मेल नखाएको भेटे। यसले

भ्रान्ति उत्पन्न हुने अवस्था देखिएपछि इनरूवाको इतिहास बिग्रन नदिन तत्कालीन इनरूवाको जीवित इतिहासका रूपमा आफू यो उमेरेसम्म रहिरहेकाले इनरूवाका हितचिन्तकहरूको हौसला एवं सुझावमा आफ्नो सम्झनाको आधार समेतमा इनरूवाको नालिबेली (इतिहास) प्रस्तुत गर्ने जमर्को गरेको हुँ। शुरुमा म आफैं डायरीमा लेख्न थालेको थिएँ, तर उमेरले गर्दा हात काम्न थाल्यो, कलम समाउन कठिन हुन थाल्यो, अनि लेख्ने आत्मबल समेत कमजोर हुँदै गयो। यस्तो अवस्थामा मैले नाति प्रज्जवल काफ्लेसँग गुनासो गरेपछि, उसले मेरो कुरा बुझ्दै, सम्झिएका कुराहरू टिप्दै, मलाई लिएर ठाउँ-ठाउँमा पुगेर उसले सुनिदिएर विवरण टिप्दै,आफ्नो पढाइलाइ पनि समय दिदै, सुरुदेखि अन्त्यसम्मै सहयोग गर्दै गयो। उसको धैर्य, मेहनत, इच्छाशक्ति र लगनशीलताको कारणले मात्र यो पुस्तक लेखन सम्भव भएको हो। यो पुस्तक लेखनमा अहर्निश पुरा पुरा सहयोग पुर्याइ कम्प्यूटरमा टाइप समेत गरी यो इतिहास ग्रथ तयार गर्नमा दिएको योगदान बखान गर्ने शब्द नपाएकाले प्रज्जवलको भविष्य उज्ज्वल रहोस् भन्ने कामना गर्दछु।

इनरूवा स्थापनाकालको इतिहासका केही पाटा समेटिएको प्रस्तुत पुस्तक "इनरूवाको नालीबेली" लेखनको मुख्य आधार तत्कालीन जमिन्दार धनबहादुर श्रेष्ठ एवं उहाँकी धर्मपत्नी श्रीमती बाल कुमारी श्रेष्ठज्यूको फलैंचा (हाल इनरूवा नगरपालिका- १ को सुपर मार्केट रहेको स्थान) मा बसेर म सानो छदा (विद्यार्थी कालमा) आँशु बरबर झार्दै सुनाएको कथा व्यथाको संझना, आफूले देखे सुनेका, अनुभव गरेका कुराका साथै विभिन्न वडाका अग्रजहरूको भनाईलाई आधार बनाई लेख्ने प्रयास गरेको हु। यस प्रस्तुतिमा यथाशक्य सत्यता अंगाल्ने प्रयास भए तापनि झण्डैं नौ दशक नाघेको अवस्थाले गर्दा कति कुरा बिर्सेको हुनसक्छ, कति घटना ओझलमा

परेका हुन सक्छन्। यो नालीबेली पुस्तकले भावी पुस्तालाई इनरूवा सम्बन्धी थप खोजका लागि आधार प्रस्तुत गर्ने विश्वास लिएको छु।

यो पुस्तक लेख्ने क्रममा आफूले जानेका तत्कालीन इनरूवाका वासिन्दा, मेरा मान्यजन, दौंतरी समेत मेरा मानस पटलमा सजीव रूपमा साक्षात रहनु भएको रोमाञ्चकारी अनुभव रह्यो। वर्तमान इनरूवाको निर्माणमा जगको ढुङ्गा झैं काम गर्दै आफ्नो रगत पसिना समर्पित गर्दै दिवंगत भएका ज्ञात अज्ञात संपूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यसै क्रममा मेरी जन्मदात्री वात्सल्यमयी स्व.माता वृन्दा देवि, स्व. पिता चन्द्रप्रसाद खतिवडा एवं धर्मपत्नी स्व.जमूना देविको भावपूर्ण स्मरण हुनु स्वाभाविक नै थियो। उहाँहरूको स्मृतिमा आफ्ना भाव-पुष्प समर्पित गर्दछु। हालसम्म इनरूवामा बसोबास गर्दै रहेका तत्कालीन इनरूवाका संस्थापक परिवारहरूको उत्तरोतर प्रगतिको कामना गर्दछु।

विशेष रूपमा आभारी छु-इनरूवा नगरपालिकाका प्रमुख श्री केदार भण्डारीज्यू (सुपुत्र जमिन्दार स्व.श्रीप्रसाद भण्डारी) प्रति। यस पुस्तकको पाण्डुलिपी हेरी आफ्नो सहमति दिई इनरूवा नगरपालिकाका तर्फबाट यसको प्रकाशन गराई जनसमक्ष पुर्याई दिनु भएकोमा नगर प्रमुख श्री केदार भण्डारीज्यू एवं इनरूवा नगरपालिका परिवारलाई मुरी मुरी साधुवाद छ। पवन चितलांगिया (छोरा-स्व.बुदरमल चितलांगिया)ले यस पुस्तक लेखन कार्यमा पुर्‍याएको अमूल्य सहयोगप्रति म अत्यन्तै आभारी छु। एक दिन साँझ पख नामावली संकलनका लागि कोइरी टोल गएको बेलामा, फर्किने क्रममा मैले बोकेको तथ्य संकलनको झोला सिटी रिक्सामा छुटयो। उक्त झोला पत्ता लगाउन पवन भाई र मेरा नाति साकार राति १० बजेको समयमा देहातको बाटो हुँदै खोजीमा निस्किए। उनीहरूले झोला छाडिएको समेत पत्तालगाई सम्पर्क गरे र

भोलिपल्ट श्रीप्रसाद मेहता र धनीकलाल मेहता घरमै ल्याइदिए। यस समर्पण, माया र सहयोगप्रति पवन भाई,श्रीप्रसाद मेहता,धनीकलाल मेहता र सिटीवाला भाइप्रति गहिरो कृतज्ञता प्रकट गर्न चाहन्छु।

लेखनको मस्यौदा तयार पार्न शुरुदेखि अन्त्यसम्म विकास काफ्लेले महत्वपूर्ण सहयोग गर्नुभयो। म उहाँलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्न चाहन्छु। यो रचना शुद्धाशुद्धि हेरी दिनु भएकोमा श्री छविनाथ रिजालज्यू, इनु भट्टराइज्यू र आफूले न सम्झेका कुरा संझाई बुझाई दिनु भएकोमा वरिष्ठ राजनीतिज्ञ एवं साहित्यकार श्री गोपाल कोइरालाज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

सल्लाह सुझावरूपी सहयोगका लागि श्री तारानाथ पोखरेल, लक्ष्मणप्रसाद लुइटेल, प्रकाश कोइराला, थानेश्वर पोखरेल, गोपालप्रसाद काफ्ले, हीरा पोखरेल, इन्द्र पोखरेल, अशोक चितलांगिया, गणेश पोखरेल समेतमा धन्यवाद ज्ञापन गर्दछु। यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गरी हौसला दिनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै, यस रचनामा रहेका कमी कमजोरी भूलचुकका लागि सबैसंग क्षमाप्रार्थी छु। अन्त्यमा, इनरूवाकी अधिष्ठात्री, क्षेत्रकी संरक्षिका, यस भेगकी पहिलो वैष्णवी भगवती माताको श्रीचरणमा इनरूवावासीको सुख समृद्धिको कामनाको विन्ती चढाउँदै आफ्नो भनाईलाई विश्राम दिन्छु।

जय वैष्णवी भगवती ।

जय इनरूवा ।।

**देवि प्रसाद खतिवडा**

इनरूवा - १, भगवती रोड

# सहयोगी लेखकको भनाई



म एक विद्यार्थी हुँ। म कक्षा ७ देखि कविता, निबन्ध र लेख लेख्ने रुचि राख्ने गर्दथें। म पत्रपत्रिकामा लेख रचना छपाउने गर्थें, रेडियोमा समेत बोल्ने गर्थें। साहित्यप्रतिको मोह सानै उमेरदेखि थियो। अहिले म स्नातक तहमा अध्ययनरत छु र मेरो पहिलो प्राथमिकता मेरो पढाइ हो। त्यसैले पढाइको व्यस्तताबीच पनि यो पुस्तक लेख्न सहयोग गर्ने यात्रा सुरु भएको थियो, एक प्रेरणादायी संयोग जस्तो।

एक साँझ म बजारतिर सामान किन्न निस्किएको थिएँ। त्यसैबेला आदरणीय हजुरबुबा देविप्रसाद खतिवडाले मलाई देखेर बोलाउनुभयो। हजुरबाको प्रस्ताव सरल थियो, तर हृदय छुने खालको ।उहाले भन्नुभयो "नाति, एउटा कविता लेख्नुपर्ने छ। आफैं लेख्न सक्दिन, आफैले लेखेको बुझ्दिन पनि। २/४ पन्ना मात्रै हो, एक दिन आइज न"।सो कुरामा म सहजै सहमत भएँ "हुन्छ हजुरबा, म आउँछु" भने।

भोलिपल्ट हामी बस्यौं। उहाँको सानो डायरीमा केही कविता सहित इनरुवाको बारेमा लेखिएका २/४ पृष्ठहरुको अक्षर हेर्दा सुरुमा मलाई बुझ्न निकै गाह्रो भयो। तर बिस्तारै पढ्दै जाँदा ती लेखहरूका अक्षरहरु पर्गेल्दै जाँदा अर्थपूर्ण लाग्न थाले। अब उहाँले भन्ने र मैले लेख्ने क्रम शुरु भयो। लेख्दै जाँदा हजुरबाको अनुहारमा उत्साह बढ्दै गएको देख्दा म झन उत्साहित भएँ। ९३(तेरानब्बे) वर्ष पुग्नुभएका एक अनुभवी

व्यक्तिको जीवनका अनगिन्ती सम्झनाहरू सुन्नु र लेख्नु मेरो लागि गौरवको कुरा थियो।

हजुरबाले भन्नुभयो, "पहिलाका कुरा धेरै सम्झिन्छु। लेख्दै जा, हेरौं कति सम्झन्छु।" त्यसपछि म उहाँका हरेक शब्दहरू ध्यान दिएर सुन्दै, भाव बुझ्दै, भाषा मिलाउँदै कापीमा लेख्दै गएँ। केही दिनमै त्यो कापी भरियो। लगभग १५/२० दिनभित्र हामीले थुप्रै कुरा टिप्यौं। यद्यपि धेरै कुरा दोहोरिएका थिए, त्यो लेख लामो जीवनीजस्तो लाग्न थालेको थियो। तेस्रो/चौथो पुस्ताको एक युवाले पहिलाको इनरुवाको कथा सुन्दा त्यो इतिहास होइन, सिनेमाको कहानीजस्तै अब के हुन्छ भन्ने जिज्ञासा पलाइरहन्थ्यो।

पछिपछि हामीले लेखहरूलाई शीर्षक अनुसार मिलाउन थाल्यौं। अब त यसले एउटा पुस्तकको स्वरुप लिएको मलाई आभाष हुन थाल्यो।त्यसपछि सबै कुरा कम्प्युटरमा टाइप गर्न शुरु गरें, जसले दोहोरिएका भाग हटाउन सजिलो भयो। लेखिएका लेखहरू कुन कुन शीर्षकमा राख्ने सल्लाह विकास काफ्ले (काका)ले दिनुभयो। उहाँले भाषा मिलाइ आवश्यक सुझावहरू दिएर खाका कोरीदिनुभयो।तत्पश्चात पुस्तकको प्रारम्भिक मस्यौदा तयार भयो।

अनि देविप्रसाद हजुरबालाई साथ लिएर इनरुवाका अग्रज, अनुभवी व्यक्तिहरूकहाँ सो मस्यौदाको समीक्षाको लागि हामी पुग्यौं। कसैले शुद्धाशुद्धिमा सहयोग गर्नुभयो, कसैले छुटेका कुरा टिपाइदिनुभयो, कसैले बिर्सेका कुरा सम्झाइदिनुभयो, कसैले नामावलीमा सहयोग गर्नुभयो। सबैको साथ, सहयोग र

आशीर्वादले यो पुस्तक अन्ततः “इनरुवाको नालिवेली(इतिहास)” को रूपमा इनरुवाबासी समक्ष पस्किन सफल भयौं।

तर यो यात्रामा सबै कुरा सहज थिएन। उमेरको कारण हजुरबाले अहिले भन्ने कुरा तुरुन्तै बिर्सेर अर्को विषयमा पुग्नुहुन्थ्यो। कतिपल्ट उहाँ भन्नुहुन्थ्यो, “म के भन्दै थिए रे?” त्यस्तो बेला म उहाँलाई पुनः विषयमा फर्काउन कोसिस गर्थें। उहाँ कान कम सुन्ने भएकाले हरेक शब्द स्पष्टसँग सुन्ने, बुझ्ने र लेख्ने जिम्मेवारी मेरो काँधमा थियो। दिनमा कलेज पढ्ने र रातमा किताब लेख्ने क्रम निरन्तर चलिरह्यो। रातको १ बजेसम्म पनि मैले यस पुस्तकको काम गरिरहेको स्मरण गर्न चाहन्छु।

उहाँ बारम्बार भन्नुहुन्थ्यो, “पुस्तक छापिएर हातमा आउने हो कि होइन !” उहाँको यो कुराले मेरो मुटु चसक्क भइरहन्थ्यो। यही प्रेरणाले मलाई हौस्यायो। मलाई पनि त्यही चिन्ता थियो कि इनरुवाको इतिहास लोप नहोस्, साँचो तथ्य हाम्रो पुस्तासम्म पुगोस्।

विदाको दिन हजुरबासँग भेटेर उहाँले सम्झेका नयाँ कुरा फेरि टिप्थें। पाण्डुलिपि प्रेसमा नपुगञ्जेल यो क्रम चलिरह्यो। हजुरबाले आफ्नै आँखा अगाडि यो इनरुवाको नालिबेली (इतिहास) पुस्तकको रूपमा देख्न पाउनु भएको दिन हामी सबैका लागि अविस्मरणीय रहनेछ।

**प्रज्जवल काफ्ले**

इनरुवा-३, होलीपारी

# इनरुवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी
कोशी प्रदेश, नेपाल

## मन्तव्य



इनरुवा नगरपालिका वडा नं. १ निवासी ९३ वर्षीय श्री देवि प्रसाद खतिवडाले इनरुवाको स्थापना कालदेखिको इतिहास विकासको क्रमलाई समेटेर "इनरुवाको नालिवेलि इतिहास" नामक पुस्तक प्रकाशन गर्नु भएकोमा वहाँलाई यस उमेरमा समेत सक्रिय रहि अत्यन्त मेहनतका साथ पुस्तक तयार गर्नु भएकोमा इनरुवा नगरवासी, नगरपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु ।

अत्यन्त मेहनतका साथ धेरै वडा समेटेर तयार पारिएको यस पुस्तकबाट इनरुवाको पहिचान, चिनारी, यहाँको बसोबास, रहनसहन विकास क्रमलाई समेट्ने प्रयत्न गर्नु भएको छ । तथापी यो पुस्तकमा सम्पुर्ण पक्षहरु नसमेटिएका हुन सक्छन् । नगरबासीको सल्लाह सुझाव प्राप्त गरेमा आगामी संस्करणहरुमा यसलाई संसोधन र परिमार्जन गरी प्रस्तुत गर्नु नै हुनेछ ।


हाम्रो जिल्ला मोरङ्ग र सप्तरीका भागहरु समेटिएर बनेको जिल्ला हो । २०१५ सालको आम निर्वाचनमा जन निर्वाचित

प्रथम सम्मानिनिय प्रधानमन्त्री महामानव विशेश्वर प्रसाद कोइरालाको कर्मथलो र उहाँ निर्वाचित भएको जिल्ला हो ।

इनरुवाको विकास निर्माणमा धेरै मेहनत श्रम, पैसा, जग्गा जमिन दान दिने दाताहरुलाई समेत यस पुस्तकमा समेट्ने प्रयत्न गरिएको छ । यस क्रममा मुख्य भुमिका निर्वाह गर्नु हुने श्री धन बहादुर श्रेष्ठ र वहाँका सुपुत्रहरु होम बहादुर श्रेष्ठ र दिल बहादुर श्रेष्ठलाई विर्सन सकिदैन । जिल्लाको मुख्य र बीच भागमा रहेको इनरुवा जिल्लाको सदरमुकाम रहेको हुँदा सम्पुर्ण जिल्लावासीको पहुँच रहेको इनरुवाको विकासमा हामी सबै एकजुट भई अझ सशक्त ढङ्गले अगाडी बढ्न यस पुस्तकले थप मदत गर्नेछ भन्ने विश्वास लिएको छु र सम्पुर्ण नगरबासीका हात हातमा पुगे आफ्नो र नगरको विकास क्रमको जानकारी हुने विश्वास लिएको छु । यस पुस्तक तयार गर्नु हुने लेखक तथा सम्पुर्ण परिवारजनमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । जय नेपाल । केदार भण्डारी प्रमुख इनरुवा नगरपालिका

**केदार भण्डारी**
नगर प्रमुख
इनरुवा नगरपालिका

# मेरो कहिरन



इनरुवा झोरा (३७ नं. झोरा) विषयमा धेरै लेखिएको छ र अझै लेखिंदै छ। तथापि, इतिहास लेख्दा सत्य र प्रमाणमा आधारित हुनु आवश्यक हुन्छ।विशेषतः भूगोलको इतिहास लेख्नु सजिलो काम होइन। हामी यहाँ बसोबास गर्ने बासिन्दा आ—आफ्नै भौगोलिक पृष्ठभूमिबाट आएका हौं, र ती पृष्ठभूमि अनुसारका अनुभव फरक—फरक छन्। एउटै स्थान भए पनि प्रकृति, वातावरण र समयको प्रभावले भूगोलका स्वरूपहरूमा परिवर्तन आउने सम्भावना रहन्छ। कहिले बाढीले कटान गर्छ, जंगल फडानी हुन्छ, नयाँ झाडी पलाउँछ, यिनै परिवर्तनले दृश्यमा भिन्नता ल्याउँछ।

भूगोलको अध्ययन विज्ञहरूले एक हिसाबले गर्छन् भने साधारण बासिन्दाहरूको बुझाइ अर्कै हुन्छ। नेपालको प्रारम्भिक अवधिमा जब जनसंख्या वृद्धि गर्न र बसोबास विस्तार गर्नुपर्‍यो, त्यतिबेलाका राजा—रजौटाहरूले जंगल फाडेर खेतीयोग्य जमिन बनाउने र त्यहाँ रैती बसाउने व्यवस्था कानुनी रूपमा सुरु गरेका थिए। सोहीअनुसार देशलाई चार भौगोलिक भागहरू तराई, भित्री तराई, पहाड र हिमालमा विभाजन गरी प्रशासनिक कार्य सुरु गरिएको पाइन्छ। पछि ती भागहरूलाई प्रगन्ना र जिल्ला बनाएर रेखांकन गरियो, र क्रमशः बस्ती विकासका लागि मौजा र मेठाईमा विभाजन गरियो।

प्रगन्ना व्यवस्थापछि जमिन्दारी पद्धति लागू गरियो। मौजा छुट्याएर जमिन्दार तोकिने व्यवस्था गरियो, र रैतीलाई बसोबास गराइयो। यस क्रममा जमिन मापन प्रणाली विकास गरियो। जसअनुसार एक विघामा २० कठ्ठा, एक कठ्ठामा २० धुर, नौ हातको एक लग्गा कायम गरियो। अनि २० लग्गाको एक कठ्ठा कायम भयो। यो मापन प्रणालीकै आधारमा एउटा व्यक्तिले जोत्न सक्ने जमिनको परिमाण तय गरिन्थ्यो, र सोही आधारमा सरकारलाई बुझाउनुपर्ने कर निर्धारण हुन्थ्यो।

जमिन्दार र रैतीबीचको सम्बन्ध केवल जमिनको मात्रै होइन, सुरक्षा र सेवा आदान–प्रदानको पनि थियो। जमिन्दारलाई सरकारले 'जिरायत' नामक भोगाधिकार भएको जग्गा दिन्थ्यो, जसको उत्पादन उनीहरूको खान्कीका लागि हुन्थ्यो। जमिन्दारी कचहरीमा पटुवारी, वैदार, राइटर, सिपाहीजस्ता कर्मचारीको उपस्थिति अनिवार्य हुन्थ्यो। उनीहरू खेतको सीमांकन, पोत असुली, लेनदेन, बँडफाँडजस्ता कार्यमा सक्रिय रहन्थे। त्यति बेलाको कचहरी प्रशासनिक केन्द्रसरह चहलपहल युक्त हुने गर्थ्यो। दशैंको समयमा त झन राजाकोमा आशिष लिन जाने, सिसार लिएर टीका थाप्ने चलन चल्थ्यो, जहाँ हामी सबै पनि उपस्थित हुन्थ्यौं। त्यसै समयका व्यक्तित्वमध्ये एक हुन् 'पूज्य देविप्रसाद खतिवडा'। उहाँप्रति हामी' भाञ्जा बाजे भनेर सम्मानजनक सम्बोधन गर्थ्यौं। प्रारम्भमा उहाँलाई भाञ्जा बाबु भनिन्थ्यो, किनकि उहाँका मामा पण्डित गणेशप्रसाद र पं.फणिराज भट्टराई थिए। पछि देवि माताको पूजामा संलग्न भएपछि उहाँलाई पूजारी बाजे भनिन थालियो। पण्डितहरूप्रति

त्यसबेला ठूलो आदरभाव रहन्थ्यो।

देविप्रसाद खतिवडा वि.सं. १९८९ साल चैत्र १३ गते ताप्लेजुङको क्यानिम गाउँमा जन्मनुभएको हो। उहाँकी आमा स्व. बिन्दादेवि खतिवडा र पिता स्व. चन्द्रप्रसाद खतिवडा हुनुहुन्थ्यो। उहाँ पहिलो सन्तान हुनुहुन्थ्यो। उहाँका भाइ नन्दप्रसादको कलिलै उमेरमा निधन भयो भने तीन जना दिदीबहिनीहरू भागिरथा, रूकमणी र योगमाया हुनुहुन्थ्यो।

उहाँको जीवनपथ धरान विजयपुरतिर मोडियो। विजयपुर बसाईँका क्रममा इनरुवा झोरा विस्तारको प्रारम्भिक चरणमा देविजी र वहाँका परिवार इनरुवा झर्नुभयो। यसमा जिमिन्दार धनबहादुर श्रेष्ठ पनि विजयपुरवासी हुनुहुन्थ्यो, र वहाँ र पद्मलाल कोइराला (मेरो बुबा) बीच मित्रता थियो। पण्डित गणेशप्रसाद र फणिराज पनि यहाँ झर्न इच्छुक हुनुहुन्थ्यो। यिनै कारणहरूले देविजी र उहाँका परिवार इनरुवा झोरामा बसाइँ सर्नुभयो। इनरुवाको ३७ नं. झोरा वि.सं. १९८८ सालमा धनबहादुर श्रेष्ठको नाममा पट्टा—पूर्जा जारी भई स्थापना भएको हो। देविजीका सबै परिवारले मामा स्व.पं गणेश जी, पं फणिराजजी र वहाँका पिता विष्णुभक्त समेत इनरूवा झोराको विकासमा सहयोगी भएर लागि पर्नुभएको थियो। अझ पं फणिराज भट्टराई (फणिराज नेपाली) “कान्छा बाजे”को  नामले नै चिनिएर निकै लामो समयसम्म काम गरेर स्वर्गीय हुनुभयो। वहाँका छोराहरू जयन्त भट्टराई लगायत सबैको महत्त्वपूर्ण योगदान रहेको छ।

शिक्षाको क्षेत्रमा इनरुवा झोरा धेरै पछाडि थियो। सार्वजनिक स्कूल थिएन। हुनेखाने परिवारले आफ्नै घरमा बाहिरी शिक्षक राखेर पढाउने गर्थे। बाँकीलाई पढ्ने अवसर मिल्दैनथ्यो। सर्वप्रथम पद्मलाल कोइराला (मेरो बुबा)को घरमा बाहिरी शिक्षक मगाएर सार्वजनिक रूपमा शिक्षाको सुरुवात गरियो। शिक्षकको खानपानको व्यवस्था बुबाले आफैंले गर्नुहुन्थ्यो भने अन्य विद्यार्थीले गुरुदक्षिणा स्वरूप केही रकम दिन्थे। यस्तै गरी पश्चिम सुनसरी खोलाको किनारमा पूपलाल बाँतरले पनि आफ्नो घरमा पढाउने व्यवस्था मिलाउनुभयो। प्रारम्भिक कालमा विश्वनाथ धर्मशालामा देविप्रसाद खतिवडा, कर्णसिंह मगर, हरिकृष्ण बराल, डम्मरबहादुर श्रेष्ठ, इन्द्रबहादुर बर्मा, म स्वयं लगायतका साथीहरूले पढ्यौं। पछि देविजी विराटनगर पुगी उच्च शिक्षा लिनुभयो। उहाँ सरकारी सेवामा प्रवेश गरी शिक्षक, सुब्बा हुँदै अधिकृतसम्म पुग्नुभयो र विभिन्न जिल्लामा सेवा गर्नुभयो।

देविप्रसाद खतिवडाज्यूले इनरुवाको उद्गमदेखि वर्तमानसम्मका विविध पक्षहरू उजागर गर्ने लेखन र प्रयास गर्नुभएको छ, जुन अत्यन्तै सराहनीय छ। उहाँको योगदानले इनरुवाको इतिहासको दस्तावेजीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ। सम्भवतः सबै जानकारी पूर्णरूपमा प्रस्तुत गर्न नसकिएको हुनसक्छ, वा कतिपय कुरा अरूको भनाइमा आधारित हुनसक्छ। तर उहाँको भाव, माटोप्रतिको जिम्मेवारी, र लेखनको ईमानदारीता निश्चय नै प्रेरणादायी छ। यदि कहीं मैले पनि केही गल्ती गरेको छु भने क्षमा चाहन्छु।

अन्त्यमा, भगवती वैष्णवी र भगवान् गणेशसँग प्रार्थना गर्दछु, देविप्रसाद खतिवडाज्यूको जीवन सदा सुखमय, समृद्ध र स्वास्थ्यपूर्ण रहोस्। अस्तु।

गोपाल कोइराला "त्यागी"

पूर्व मेयर

इनरुवा नगरपालिका

# मन्तव्य



इनरुवाको वास्तविक इतिहासलाई भावी पुस्तासम्म सुरक्षित राख्ने उद्देश्यले गरिएको यो प्रयास अत्यन्तै सराहनीय छ। ९३ वर्षको उमेरमा पनि बुबा समान आदरणीय देवीप्रसाद खतिवडाज्यूले नगरप्रति देखाउनुभएको निष्ठा र इनरुवाको अतीत संरक्षणका लागि गर्नुभएको अथक परिश्रम प्रशंसनीय छ। उहाँका अनुभव, सम्झना र विचारहरू आज इनरुवाको अमूल्य सांस्कृतिक सम्पदाका रूपमा हामीमाझ आएका छन्।

यस पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनमा योगदान पुर्‍याउनु हुने सबैप्रति म व्यक्तिगत रूपमा तथा इनरुवा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु। यो पुस्तकले इनरुवाको साँचो इतिहास उजागर गर्दै भविष्यका पुस्ताका लागि मार्गदर्शक बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

बिनिता कुमारी मेहता
उपमेयर
इनरूवा नगरपालिका

# मन्तव्य


इनरुवाको स्थापना काल देखिको इतिहास विकासको क्रमलाई समेटेर इनरुवाको नालिवेलि इतिहास नामक पुस्तक प्रकाशन गरी इनरुवाको इतिहासलाई अभिलेखिकरण गर्नु भएकोमा यस पुस्तकका लेखक श्री देवि प्रसाद खतिवडालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकमा इनरुवाको झोडा फाडानी देखि हालसम्मको इनरुवाको पहिचान, चिनारी र यहाँको बसोबास, रहनसहन विकास क्रमलाई समेट्न प्रयत्न गर्नु भएको छ । यस पुस्तकले इनरुवाका हालका पुस्ता र भावि पुस्तालाई इनरुवा बुझ्न र यसको इतिहासलाई संग्रहित गरी राख्न मद्त पुग्नेछ ।

हालसम्म कुनै लेखकले इनरुवाको इतिहासलाई समेटेर पुस्तक तयार गरेको भेटिएको छैन । करिब ९३ वर्षको उमेरमा समेत लेखकले इनरुवा प्रति देखाउनु भएको चिन्ता, चासो र पुस्तक मार्फत इनरुवा पहिचान जोगान पुर्याउनु भएको योगदान इनरुवा नगरपालिकाको लागि अमूल्य रहनेछ ।
यस पुस्तक तयार गर्नु हुने लेखक तथा उहाँका सहयोगी एवम् सम्पुर्ण परिवारजनमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**डिल्लीराज निरौला**
प्रमुख प्रशासकीय अधिकृत
इनरुवा नगरपालिका

# मन्तव्य



झोडा फडानीदेखि हालसम्म इनरूवामा बसोबास गरेका मध्ये संभवतः सबैभन्दा पाका आदरणीय दाजु देविप्रसाद खतिवडाद्वारा झोडा फडानीदेखि हाल सम्म को इनरूवाको चिनारीका रूपमा लिखित पुस्तकको पाण्डुलिपिको अध्ययन गरी शुभकामना लेखि दिन अनुरोध गर्नुहुने लेखकप्रति सर्वप्रथम हार्दिक आभार प्रकट गर्दछु।

घना जंगलबाट आज कंक्रिटको शहरका रूपमा विकसित हुँदै गरेको जिल्ला कै सदरमुकामका रूपमा कायम भएको इनरूवाको विकाशका वारेमा भावी पुस्तालाई र अन्यत्रबाट बसाई सरी यस क्षेत्रमा लामो समयदेखि बसोवास गरीरहनु भएका नगरवासीलाई अध्ययन र थप खोज कार्यका लागि मौका (याद) बढाउने छ भन्ने आशा एवम् विश्वास लिएको छु। उमेर ९(नौ) दशक पार गरिसक्नु भएका लेखकको उत्साह र खोज अनि लगनशिलताको जतिसुकै प्रशंसा गरेपनि कम हुन जान्छ।

यस चिनारीले पूर्णता प्राप्त गर्नका लागि भावी पुस्ताले यसैका आधारमा इनरूवाको थप अनुसन्धान र खोजी गर्न मार्गदर्शन हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । अन्त्यमा लेखकको सुस्वास्थ एवम् दीर्घ जीवन र लेखनीको निरन्तरताको कामना गर्दछु ।

**खेमराज पोखरेल**
पूर्व मेयर
इनरुवा नगरपालिका

# मन्तव्य



सुनसरी जिल्लाको जेठो नगरपालिका मध्येको एक इनरूवा नगरपालिका भित्रका जनताले भौतिक विकासको महसुस गरेतापनि यस समाज भित्र लुकेर रहेका विभिन्न जातजाति, विभिन्न भाषाभाषी, समुदायहरूको सांस्कृतिक विकास, रहनसहन, खानपिन, जीवनशैली आदिको बारेमा पिता समान लेखक आदरणीय श्री देविप्रसाद खतिवडाज्यूले इनरूवाको बिगत देखि वर्तमानसम्म आफ्ना स्मरणमा रहेका विषयवस्तुहरूलाई पस्केर सम्पूर्ण इनरूवा नगरबासीको अपनत्व बोध हुने गरी यो इनरूवाको नालिवेलीलाई एक जोसिलो युवा पुस्ता भाई प्रज्जवल काफ्लेको साथ सहयोग समर्पण, आँट,भरोसा सहित पुस्तकको रूपमा प्रकाशन गर्न सफल हुनुभएकोमा अग्रज लेखक प्रति कृतज्ञता ज्ञापन गर्दछु।

यो पुस्तक सम्पूर्ण इनरुवा नगरबासी बुवाआमा, दाजुभाई, दिदीबहिनी, विद्यार्थी, आदि सबैको लागि पठनीय खुराक बनोस् भन्ने शुभकामना सहित धन्यवाद !

राजन मेहता<br>पूर्व नगर प्रमुख<br>इनरूवा नगरपालिका, सुनसरी

# मन्तव्य

## श्री इनरुवा झोरा को इतिहास इनरुवाको नालिवेली स्तुत्य

हाम्रा आदरणीय अग्रज, गुरु श्री देविप्रसाद खतिवडाज्यू यो पहिलेको घना जङ्गल-झोडा नं ३७, पछि "इनरुवा" (इन्द्रवा) र वर्तमान अनुसन्धानबाट "इन्द्रप्रस्थ"का आदिम निवासी मध्ये एक यही झोडापुत्र हुनहुन्छ। ९३औं वसन्त भोग्दै रहनु भएका भगवती भक्त, पूर्व शिक्षक, सेवा निवृत्त सरकारी कर्मचारीका हैसियतले अनेकौं ज्ञान, अनुभवका धनी उमेर दृष्टिले धेरै पुराना कुरा विस्मृत हुँदा हुँदै र हात कामेर लेख्न सम्म निकै कष्ट झेल्दै पुरातन स्मृति संगालेर एक होनहार युवा लेखक तथा सहयोगी प्रज्जवल काफ्लेको सहयोगमा इनरूवा सम्बन्धमा आफ्ना अनुभव नव आगन्तुक वा नयाँ पुस्तालाई हस्तान्तरण गर्न उत्साहित हुनु भएको स्तुत्य छ।

यस क्रममा तयार पारिएको पाण्डुलिपिमा प्रतिक्रियात्मक भूमिका लेख्ने आज्ञा गर्दै अवसर दिनु भएकोमा कृतज्ञ छु । उहाँहरुले सकेसम्म र कतिपय कुरा अरूहरू स्रोतबाट जानकारी लिंदै त्यही आधारमा यो "इनरूवाको नालिवेली (इतिहास)" नामक पुस्तक तयार पार्ने प्रयास गर्नु भएको रहेछ। "इतिहास" अमर विषय हो तापनि कहिले यो वेहोस जस्तो हुन पुग्छ, कहिले मरेजस्तो भएर कता छोपिएरै रहेको हुन्छ तर यो सत्य रूपमा जीवन्तै हुन्छ; बेला बेला ज्ञात अज्ञात भनौरीका भरमा जस्तो बुझिए पनि यथार्थमा सत्यको उद्घोष गर्दै इतिहास ठिङ्ग उभिन्छ सबका सामु ।

आ-आफ्ना बुद्धि, विचार, दक्षताले ठहराई वा नठहराइकन पनि धेरै कुरा प्रसारित हुने गर्छन् अघिल्ला कुराहरू तर कसी लगाउँदै जाँदा सत्य उजागर हुँदै जान्छ। त्यस्तै गुरुज्यूबाट सकारात्मक सद्विचारका साथ जुन प्रयास भएको छ त्यसमा आफ्नै मौलिकता बोकेको पुरातन "३७ नं झोरा-" इनरूवाको मिठो सुवास, प्राकृतिक झलक एवं कर्मवीर वासिन्दाहरुको योगदान, समर्पण र वलिदान मुखारित भएको पाइन्छ विभिन्न शीर्षकमा। झण्डै शताब्दी पुग्न आँटेको इनरूवाका हर घर, व्यक्ति वा घटित आरोह अवरोह मित्रका सबै कुरा, सबै तथ्याङ्क यसमा नसमेटिएका हुन सक्छन् वा स्रोत कमजोर फेला परेको स्थिति पनि हुन सक्ला तर पाठकले गागरमा सागर किन न भरेको भन्ने तिर न लागी जे भएपनि अब खोज तलास गर्ने एउटा मार्ग प्रशस्त हुने सिलसिला थपिएकोमा लेखकहरू प्रति उदार भावले प्रोत्साहन दिनु भएमा उहाँहरूबाट अन्य कृतिहरू पनि अझ देख्न पढ्न पाईने जस्तो लाग्छ।

इनरूवाकी हाम्री इष्टदेवि बैष्णवी भगवती माता तथा परमपिता परमेश्वरसँग श्रद्धेय गुरुवर सहलेखक सहितमा निर्विध्नता पूर्वक यस्तै राम्रा, मिठा पठनीय ग्रन्थहरू तयार पार्ने कृपा गर्नुहोस् भन्ने प्रार्थना गर्दै विसाउँन चाहन्छु। अस्तु ।

छविनाथ रिजाल
इनरूवा-२, सुनसरी

# मन्तव्य

आदरणीय दाजु देविप्रसाद खतिवडा इनरुवा-१ निवासी रैथाने वासी हुनुहुन्छ। वहाँले इनरुवाको बारेमा देखेका, भोगेका र सुनेका विषयलाइ इतिहासका रूपमा जस्ताको त्यस्तै उतार्नु भएको छ। इनरूवा वन जङ्गलको अवस्थादेखि आजको इनरूवासम्म आफै तर्दै आफ्ना मन वचन र कर्मले देखेका कुरालाइ इतिहासको रूपमा वर्णन गर्नुभएको छ।

यस इनरूवाको चिनारी पुस्तकले भविष्यमा आउने पिढीलाइ इनरूवाको उत्थानमा लेखिने पुस्तकमा एउटा कोशेढुङ्गाको काम गर्ने छ। ९३ वर्षको उमेरमा लेख्नुभएको यो पुस्तक हाम्रा लागि  अमृत समान भएको छ।

यस पुस्तकको रसास्वादनले इनरुवाबासीनै तृप्त हुनेछन् भन्ने कामनाका साथ मलाइ दाजु देविप्रसाद खतिवडाज्युले पाण्डुलिपी कै रुपमा पुस्तक पढ्ने मौका दिनु भएकोमा दाजुप्रति कृतज्ञ हुदै पुस्तकको प्रकाशन छिटोहोस् भन्दै आफ्नो कलम यही वन्द गर्दछु।

डमरुवल्लभ भण्डारी
इनरुवा-५,सुनसरी

# विषय सूची


| | | |
|---|---|---|
| १ | परिचय | १ |
| २ | सामाजिक | ९ |
| ३ | शिक्षा | १६ |
| ४ | स्वास्थ्य | २४ |
| ५ | सूचना तथा सञ्चार | २७ |
| ६ | शान्ति सुरक्षा | २९ |
| ७ | राजनीति | ३१ |
| ८ | विकास | ३३ |
| | क. बजारको विकास | |
| ९ | यातायात | ३८ |
| | क. दुहबी सडक | ३९ |
| १० | 'सुनसरी' नदी र जिल्ला नामकरण | ४६ |
| ११ | चाडपर्व | ५० |
| १२ | आर्थिक | ५३ |
| १३ | खेलकुद | ५३ |
| १४ | धार्मिक | ५४ |
| | क. भगवती मन्दिर | ५४ |
| | ख. शिवालय मन्दिर | ५७ |
| | ग. सत्यनारायणा मन्दिर | ५८ |
| | घ. राधाकृष्ण मन्दिर | ५८ |
| | ङ. मस्जिद | ५९ |
| | च. रामजानकी मन्दिर | ५९ |
| १५ | जंगलकालिन देवस्थल एवं पोखरी | ६१ |
| | क. वैष्णवी भगवती मन्दिर इनरुवा-१ सुनसरी | ६१ |
| | ख. सुरदाशा पोखरी | ६१ |
| | ग. बलाहा कमल पोखरी | ६१ |
| १६ | इनरुवाका प्रधानपञ्च तथा मेयरहरु | ६२ |
| १७ | इनरुवा नगरपालिकाको स्थानीय संरचना र विकासत्र क्रम-एक दृष्टिमा | ६२ |
| अनुसुची -१ | | ६५ |

# परिचय

नेपालका तत्कालीन प्रधानमन्त्री भीम शमशेर राणाले देश हेर्ने इच्छाले पूर्वी नेपालको सवारी चलाएछन्। पूर्वमा भोजपुर जिल्ला आइपुग्दा एउटा विशाल उकालो देखेर चौतारीमा बसेर उकालो तिर हेर्दा फाटेका लुगा लगाएका बुढाबुढी लठ्ठी टेकेका, भारी जिऊ भएका महिला, साना नानी बोकेका महिला सबै सबैले डोको बोकेका, युवाहरू ढाकर बोकेका माथिबाट झरिरहेका देखेर यिनीहरू कहाँ हिडेका भनेर तत्कालीन बडाहाकिमलाई तत्कालीन प्रधानमन्त्रीले सोध्दा बडाहाकिमले बुढा बटोहीलाई बोलाएर सोधेछन्। बुढा बटोहीले यसो हेर्दा भीम शमसेरलाई यिनी पनि कुनै साहु नै होलान जस्तो देखेर केही भन्न चाहेनन्। बडाहाकिमले दोहोराएर सोद्धा बुढो बटोहीले आफ्नो कथाव्यथा यस प्रकार भनेछन्। "बा यसपाली दशैंमा त धानको भात खादै, धान कै चिउरा खाई, नाना पनि पोहोर दशैंमा फेरिएन, सबै नाना फाटेर, नानाको घेरो मात्र छ, यसपाली त नयाँ लुगा लगाउने" भन्दा केटाकेटीको विलौना सुनेर आफुलाई धिक्कार्दै साहुकाँ गएर मैले बिन्ती बिसाउँदा साहुले पनि २०० रूपैयां दिए। त्यही पैसा लगेर एनकेन दशै मनाइयो। मंसिर लागेपछि साहु आएर पैसा माग्न थाल्यो। "गोरु बेचेर पैसा आएको छैन। आएपछि म आफै बुझाउन आउँछु" भन्दा "एउटा गोरूले पुग्छ?" भन्दै तमसुक निकालेर साहुसँगै आएका साहुकै साथीलाई पढ्न दिए। ती साथीले पढ्दा २०००(दुई हजार) रूपैया पारेका रहेछन्। मैले २०० मात्र लिएकोमा यत्रो पैसा कसरी भयो" भन्दा तैले गरेको तमसुक हेर्नु भनेर भन्दा "नखाएको विष नलाग्नु पर्ने

हो साहु" भन्दा अरु साथीले पनि तमसुकमा तैले सही गरेको छ। यो तमसुक अड्डामा लग्दा पनि २००० (दुई हजार) रूपैया भन्छन् भनेपछि साहुले म बसेको एक फोगटो माटो र एक हल गोरू समेत लगिदिएपछि साह्रै विरक्त लागेर "यस देशमा बस्नु भन्दा विदेशिएरै मर्नु जाती भनेर यी साना चिचिरा बचेरा चल्ला च्यापेर मुग्लान भासिएको हजुर" भनेपछि तत्कालीन प्रधानमन्त्रीले तत्कालीन बडाहाकिमतिर हेरेर बुढाले भनेको कुरा के हो भनी सोध्दा "यति मात्र होइन सरकार यहाँ सरकार विरोधी काम गरी भागेका, गरिबीको चपेटामा परी गएका, साहुहरूबाट पीडित भई गएका र विभिन्न किसिमका आरोप लागी देशबाट पलायन भई आसाम, बर्मा, भुटान आदि ठाउँमा खोरिया फाँडेर बसोबास गरेका हुन "भनी प्रस्टाइदिए। त्यसो हुँदा भीम शम्शरले "सबै खत माफ गरिदिएका छौं। सबैले आई जङ्गल फडान गर्नू, बसोबास गर्न र फडान गर्नलाई केही सुविधा पनि दिनेछौं। यहाँ बसोबास गर्न आउने जनताले झाडी ढालफाड गरी धोद्रा रुखहरुलाई काटी आफूले फाडेजती परिवार हेरेर ५ बिगाहादेखि १५ बिगाहासम्म जग्गा दिने र सो जग्गा आवाद गुलजार गर्न खास गरेर हल गोरु किन्न ५०० (पाँच सय) देखि १५०० (पन्ध्र सय) रूपैयाँसम्म निर्व्याजी ऋण दिने र जग्गा समेत भोगचलन गर्नू" भनी होतापोता जारी गरिदिएर जङ्गल खोलाई दिएका हुन्। १९८८ सालमा ८८ ओटा झोडा मोरङ्ग जिल्लामा खुलाइएको हो ।

धनबहादुर श्रेष्ठ पानमारा, हर्दिया, पत्रङ्बारी आदि ३७ मौजाका जिम्मावाल थिए। सो ठाउँको पोत रैतीबाट उठाई

तहशिलदार (पटुवारी) लाई कम्पनी रुपैया घोडामा राखी तहशील कार्यालय (मालपोत कार्यालय) बुझाउन बिराटनगर पठाएकोमा सो पैसा लिई पटुवारी मानबहादुर श्रेष्ठ आसाम भागेको हुँदा जिम्मावाल भएको नाताले धनबहादुर श्रेष्ठको धनजेथा सर्वस्व जगात भयो। तत्कालीन सरकारले उनको सम्पूर्ण सम्पतिमा सरकार लाग्दा (जगात हुँदा) सुकुम्बासी भई परिवारलाई चतरा आफन्तको घरमा राखी १२/१५ जना मजदुर (कुल्ली) लिएर उनी बङ्गाल भासिए। निज धनबहादुरले बङ्गालमा काठ काट्ने ठेक्का लिने भएकोले उनीलाई ठेकेदार साहेब भन्दथे।

जङ्गल खोलाएको थाहा पाएपछि निज धनबहादुर बङ्गालबाट आई सरकारलाई बिन्ती चढाएछन् "बाली खाने गाई, कुटाई खाने माई भने जस्तो भयो। म ३७ गाउँको जिम्मवाल थिएँ सरकार" भनेर सरकारलाई बिन्ती चढाउँदा सरकारबाट पनि "जे घटना भएको छ सो हामीलाई प्रष्ट भइसकेको छ" भन्ने कुरा हुकुम भयो। "हामीमा सबै कुरा जाहेर भयो। अब के भन्दछौ? अब तिमी रोजेर कहाँ बस्छौ, कति जग्गामा रैयत राख्न सक्छौ, तिमीले जती रैती बसाउन सक्छौ? त्यति जनता बसाउनू र चौहद्दी खोली जाहेर गर्नू, तिमीलाई त्यस्को जिम्मावाल अख्तियारनामा बकस गर्नेछौं र त्यति जग्गाको तिमी जिम्मावाल हुनेछौ" भनेको सुन्दा श्रेष्ठको मुहार उज्यालो भयो। त्यसपछि श्रेष्ठ शिकारमा पारङ्गत भएका नर बहादुर मगर (कर्णसिंह मगरका बुवा) सहित ५\७ जना अन्य मगरहरुलाई लिएर बनिगामा (हाल झुम्का) हुँदै जंगल भित्र पसे। जंगल भयानक थियो। बडेबडे सखुवाका रुख, अन्य कु-काठका रुखहरु, बयरका झोक्री, कहीं कहीं

फाँट देखिए। कहीं हरिण  चरिरहेका, कहीं बदेल कुदिरहेका, कहीं चिल उडिरहेका, कहीं चरा-चुरूङ्गी गीत गाइरहेका, कहीं मयुर नाचिरहेको सुमधुर गीत र नाच हेर्दै जाँदा कहीं बाघ, चितुवा बसेको झोक्री, सो दुर्गन्धित झोक्री हेर्दै अगाडि बढदै जाँदा यस किसिमका हिंस्रक पशु बास-स्थान मा कसरी बस्नु, यो त फलामको चिउरा चपाउनु जतिनै छ भन्दै अगाडि बढ्दै जाँदा अलिक पर तिर बयरको झोक्रिमा कुनै जनावर मारेर बाघले खाइरहेको देखियो। त्यसपछि उनीहरुको सातो गयो र बाघ देखेको उल्टो दिशा तिर भाग्दा कुन काँडा, कुन झोक्री, केही नहेरी दौडदा काँडाले लुगा च्यातेर शरीर रगताम्मै भयो। त्यसपछि पछाडितिर बाघ पछ्याउदै छ कि भनी हेर्दा बाघ देखेनन्। अलिक पर गएर केही समय सुस्ताऊँ भनेर बस्दा उत्तर दक्षिणको माथिल्लो आवादी(चाँदबेला) देखि तल्लो आवादी (भुटाहा) जाने गढीको मेघर देखियो। त्यसरीनै पश्चिमबाट सुसेर खोला तरेर पूर्व आउने एउटा गढीको मेघरको बाटो पनि देखियो। यस चौबाटोमा बटुवाहरुले पानी खाने गरेको माटाको एउटा इनार देखियो। इनरुवा अस्पतालभन्दा केही माथि, ठाकुर (लौवा) समुदायको घरमाथि, हाल शवगृहको छेउमा रहेको परापूर्वकालको इनार विगतमा स्पष्ट रूपमा देख्न सकिन्थ्यो। हाम्रो बाल्यकालमा समेत उक्त इनारको अवशेष देख्न पाइन्थ्यो। त्यसैको छेउमा आवतजावत गर्नेहरुले भात पकाई खाएको चुलो पनि देखियो। ठाउँ पनि उज्यालो परेको, रूख पनि पातला, उत्तरपट्टि पानी बग्ने होली, दक्षिणपट्टी ओरालो देखेर उनले केटाहरुलाई "तिमीहरुलाई कस्तो लाग्यो" भनेर प्रश्न

गर्दा, उनीहरुले भने "अघि देखेको गुजी (बाघ) डरलाग्दो रहेछ तर उच्च ठाउँ बसोबास गर्न राम्रो देखियो" भनेपछि ठेकदार साहेबले डराइ-डराइ "त्यस ठाउँलाई सरकारमा जाहेर गर्दा सरकारबाट केही समाधान निस्केला" भन्दै पानमारा फर्किए।

फर्किएर गएपछि सल्लाह दिन सक्ने क्षमता भएका अभिन्न मित्र र मितेरी साइनो समेत भएका पद्म प्र. कोइराला र गुरु पं गणेश प्र. भट्टराईसँग सल्लाह गरे। त्यसपछि पद्म प्र. कोइराला र पं गणेश प्र. भट्टराईलाई अनुरोध गरी शिकारी मगरहरुलाई समेत ल्याएर देखाउँदा सबैबाट स्वीकृत भएपछि सरकारमा "इनारवाला झोडा पाटा रोज्यौं सरकार" भनेपछि ठेकेदार इश्वरचंद धाडेवाललाई त्यस ठाउँको लकडी निकास गरिदिन भनी हु.प्र. (हुकुम प्रमाङ्गी) भएर आएको हुँदा यसमा कामदारका रुपमा हजारी ठाकुरलाई पठाइदिएको हो। सरकार तर्फबाट साक्षी सुविदार भीमबहादुर श्रेष्ठ, सुविदार जगतबहादुर खड्का, सुविदार पदमप्रसाद श्रेष्ठ र वन जाँचमा चन्द्रबहादुर श्रेष्ठ (बुद्धिबहादुरका पिता) समेत भएर लकडीको हरहिसाब हुँदै जङ्गल फडानी हुन थाल्यो। जिम्मेवारी पाए लगतै धाडेवालले काट्न असम्भव हुने ठूला सखुवाका रुखहरू काटे। सो जङ्गलमा रहेका धोद्रा नपरेका सग्ला ठूला रुख जति काटी भारत निर्यात गरी फडानी गरे। यसको फडानी पछि यसको चौहदी पूर्वमा श्रीप्रसाद भण्डारी र फिपराज लिम्बूको संयुक्त बलाहा मौजा, पश्चिम सुनसरी खोला, उत्तर कुरुवा खोला, दक्षिण बबिया ढिक(पानीढल/झरना) भित्र पर्ने गरी चार किल्लाको जग्गामा हामीले बसोबास गराउनु पर्छ भनी माथि जाहेर गरेकोमा माथिबाट सोही बमोजिम हुकुम बक्स

भई हालको इनरुवाको झोडा कायम हुन आएको हो।

सरकारबाट हुकुम बक्स भएको अधिकार पत्रमा यस्तो व्यहोरा लेखिएको थियो। "सात वर्षसम्म कुनै जनतासँग पोत असुल नगर्नू, माफी मिनाहा गरिएको छ। त्यसपछि प्रति विघाको तीन रुपैंया एक पैसाका दरले असुल गर्नू। सो गरे वापत जिरायत जग्गा  विना पोत तिमीले भोग गर्नू। आज उप्रान्त तिमीलाई ३७ नम्बर झोडाको जिम्मवाल मुकरर गरेका छौं" भनी लेखिएको पत्र अनुसार धनबहादुरले निजको निकटस्थहरुको साथ लिएर स्वदेशका ठाउँठाउँमा खबर पठाई भूमिहीन जनतालाई बोलाउने र नेपालबाट आसाम, बर्मातिर विदेशिएका नेपालीलाई खबर पठाई जनता बोलाएको र यता ठेकदारले लकडी समेत निकास गर्न लागेकोले सबैभन्दा पहिले मगर जातिका जनता र सोभन्दा पछि १९८८ सालतिर अनुसुची-१मा उल्लेख गरिएका मानिसहरु आई बसोबास गरी झाडीलाई झोडेको हुँदा झोडा नाम रहेको हो। आफूले जत्रो पाटो फाड्न सक्यो त्यति नै उसैको हुने भएकोले झोडापाटा भनिएको हो।

जब इनरुवामा बसोबास गर्न भूमिहीन, दुःखी, विभिन्न ठाउँबाट जनताहरु आएर झाडी फाडेर खरका झुप्रा घर खडा गरी बसोबास गर्न थाले, झोडेको जङ्गल र ध्वान्द्रा रुखहरुमा आगो लगाई डढाउँदा हावाहुरीले उडाई ल्याएर झुपडी घरको छानामा परी ६\७ चोटि आगलागी भई झुपडी घर जल्न थाले। सो देखी केही बचाउँनकालागि घर वरिपरि केरा, बकाइनो, नीम आदिका रुख समेत लगाई घर डढन नदिने व्यवस्था समेत त्यहाँका

वासिन्दाले गरे। तै पनि आगोको चपेटामा पर्दा इनरुवाबासी दुःखमा मात्र परेनन्, धनजन समेतको क्षति व्यहोर्नु पर्यो।

उपर्युक्त लेखिएका दुःख सबैले सहन नसकी कोही झोरापाटाबाट पलायन भए। कोही किंकर्तव्यविमुढ (उपाय नभएका सबै दुःख झेल्दै) यही बसे। बिस्तारैबिस्तारै जङ्गली जनावरबाट र आगोको डर हट्दै गएपछि समाज स्थिर भयो। त्यसपछि इनरुवामा केही विदेशिएका नेपाली, केही स्वदेशका नेपाली परिवार सहित आएर झुप्रा घर खडा गरी बसोबास गर्न थाले। यस किसिमबाट पलाएको इनरुवारुपी गाछी आज चौहदी बढेर पूर्वोत्तरमा इटहरी उपमहानगरपालिका, पूर्व-दक्षिणमा गढ़ी गाउँपालिका, उत्तरमा रामधुनी नगरपालिका, पश्चिममा सुनसरी छेउको भोक्राहा गाउँपालिका र सुनसरी खोला, दक्षिणमा हरिनगरा गाउँपालिकालाई छुन पुगेको छ। विभिन्न जातजाति, विभिन्न भाषाभाषीको संगमस्थल भई शहर बजारको रूपमा हामीले पाउन सफल भएका छौं। आज यो सुनसरी जिल्लाको सदरमुकाम भई इनरुवा नगरपालिकाको रुपमा रही देशका कुना कुनामा परिचित भएको छ। अहिले यहाँ स्वास्थ्य, शिक्षा, विद्युत, टेलिफोन, इन्टरनेट, यातायातको सुबिधाको साथै सरकारी अड्डा अदालतमा जिल्लाबासीको घुँईचो समेत लाग्ने गरेको छ। यो उमेरसम्म आईपुगेर सबै हेर्दा त्यसबेलाको अवस्था र अहिले तुलना गर्दा सपना झैं र सुनमा सुगन्ध भए जस्तै लाग्दोरहेछ।

इनरुवाको इतिहास र धनबहादुर श्रेष्ठ परिवारको सम्बन्ध

भनेको नङ्ग र मासुको जस्तै देखिने भएकोले यस सम्बन्धलाई अलग गर्दा नुन बिनाको तिउन, पानी बिनाको नदी जस्तै हुने भएकोले यो परिवारको योगदानलाई यसै इनरुवाको इतिहासमा समावेश गरिएको हो।

जमिन्दार धनबहादुर श्रेष्ठ एवं उहाँकी धर्मपत्नी बालकुमारी श्रेष्ठ दयालु स्वभावकी, अतिथि सेवा गर्न रुचाउनु हुने, केटाकेटीलाई साह्रै माया गर्ने हुनुहुन्थ्यो । जमिन्दार धनबहादुर श्रेष्ठ आफ्ना रैतीहरुको हाल खबर बुझ्न बेला बखतमा स्वयं उनका घर दैलामा पुग्नु हुन्थ्यो । इनरुवावासीले इनरुवाका संस्थापक स्व. धनबहादुर श्रेष्ठ एवं वहाँका पुत्र ठूलोबाबु र सानेबाबुको योगदान सधैं सम्झीरहनु पर्ने हुन्छ ।

४० नं बलाहा झोडाका प्रारम्भिक जमीन्दारहरू शंकरप्रसाद भण्डारी र काशिनाथ प्रसाई थिए।कालान्तरमा, काशिनाथ प्रसाईले आफ्नो स्वामित्वमा रहेको जमिन गेरुप्रसाद कोइरालालाई बिक्री गरे। विसं २०१३ मा उक्त जमिन श्रीप्रसाद भण्डारी र फिपराज लिम्बूले संयुक्त रूपमा खरिद गरे। चौहदिको पूर्व-दक्षिण भागमा भेषबहादुर नेपालीको जमिन रहेको थियो। उत्तर-पूर्वमा २७ नं मधेशा, ३६ नं झकनझोडा हुँदै मेठ हरिप्रसाद ओझाको बंकलुवा झोडासम्मको भूभाग विस्तार भएको थियो। यस ऐतिहासिक स्वामित्व हस्तान्तरणले बलाहा झोडाको भूमि व्यवस्थापन र स्थानीय सामाजिक संरचनामा महत्वपूर्ण प्रभाव पारेको थियो।

# सामाजिक

इनरुवामा बसोबास गर्ने केही नेपालका कुना काप्चाबाट, केही विविध कारणले नेपाल छाडी आसाम, बर्मा, भुटानतिर लागेका नेपालीहरु फर्केर आएका थिए। सबैले केही न केही पशु ल्याएका थिए। कसैले गाईभैंसी, कसैले बाख्रापाठा, कसैले सुँगुर, कसैले हाँसकुखुरा ल्याई पालेका थिए। गाईभैंसीलाई बाघको डर, बाख्रापाठालाई स्यालको डर, सँगुरलाई चितुवाको डर, हाँसकुखुरालाई वनभौसाको डर भएकोले सुरक्षाकालागि सबैले गोठ एकैठाउँमा राखेर ढाटले घेरेर, ढाट भित्र गाई थुनेर बाहिरबाट लामालामा सिंङ भएका बलिया भैंसीलाई चारै सुरमा बाँधेर अरु भैंसीलाई बीचमा बाध्ने गर्दथे। चारै पट्टि ठुलाठुला मुँडा जोतेर आगो लगाइन्थ्यो। आगोको नजिक आउन बाघ डराउँदथ्यो। हाँस, कुखुरा, सुँगुरलाई बाक्ला बाकलले घेरेर खोर बनाइन्थ्यो। बाघको गन्ध भैंसीले पाएपछि एकै स्वरले हुवाई की हुवाई गरी कराउँथे। भैंसी कराएपछि गोठाला सबै उठेर बाँसका कप्टयारोको राँको बालेर बाघलाई खेद्दथे। बाघ आगो देखेर साह्रै डराउँथ्यो। सबैजसो जनताले गाई-भैंसी पालेकै हुन्थे। आ-आफना छिटो हिड्ने बलिया बस्तुलाई गलामा टिनको घण्टी बाँधेर चराउन लग्ने चलन थियो। यसबाट जङ्गलभित्र गएका वस्तु कहाँ पुगे भन्ने गोठालाले थाहा पाउँथे। अर्को कुरा हिंस्रक जनावर पनि घण्टीको आवाजले डराएर भाग्दथे। पानीमा गोहीको डर हुन्थ्यो। गोहीले पनि पाल्तु जनावरलाई आक्रमण गरी सिकार हातमा पार्दथ्यो। त्यसैले गोही बस्ने ठाउँमा गाईबस्तु लगिदैनथ्यो। गोही नहुने सुरक्षित ठाउँमा पानी खुवाइन्थ्यो।

जङ्गली जनावरले पछिसम्म पनि दुःख दिन्थे। बाली लगायो, रेखदेख गर्न सकिएन भने घोडगधा, हरिण, बाँदर, बदेल,सुँगा आदि समेतले बाली सखाप पारिदिन्थे। दिउँसो त जेनतेन रेखदेख गरि हालिन्थ्यो तर रातमा बाघको डर हुने गर्दथ्यो। बाघका डरले टुङ्ग घर(दुई तल्ले) बनाइन्थ्यो। त्यसैले टोल-टोलमा पाँचजनाको टोलीले रातमा खबरदारी गर्ने गरिन्थ्यो। आज रातमा एउटा टोलीको पालो छ भने भोलि अर्को टोलीको पालो मिलाइएको थियो। टोलीमा आउनेहरु सबैको हातमा भाला भएको लठ्ठी हुन्थ्यो। मूल-मूल ठाउँमा गौडा-गौडामा बाँस गाडेर बाँसको टुप्पोमा थोत्रो टिन बाँधेर राखिन्थ्यो। खबरदारी गर्दै आउने समुहले त्यसै ठाउँमा पुगेर लठ्ठीले टिन बजाउँदा जनावर पनि भाग्ने, चोर पनि तर्सिएर भाग्ने भएकाले यस्तो बुद्धि लगाइएको थियो। त्यो टोलीले सीमा पारीबाट टर्च लाइट बालेर आउने डाकालाई देखेर दिलबहादुर श्रेष्ठलाई (सानेबाबु) खबर पठाउँथे। उनी आफै बन्दुक लिएर ब्ल्याङ्क फायर गरी बसोबास गर्ने जनतालाई आश्वस्त पार्थे र चोर डाका पनि सतर्क हुन्थे। त्यसै कारणले होला "दिलेको इनरुवा, इनरूवाको दिले" भनेर धरान-बिराटनगर तिर भन्दथे।

हाल भगवती मा.वि र महानन्द चौकको माझको होली पूर्वोत्तरबाट सङ्गालिएर बग्दै आएको महानदी झैं थियो। हाल भगवती स्कूल पछाडि अवस्थित होली स्थल हालको सोमबारे हाट पूर्वबाट बग्दै नगरपालिका कार्यालय अगाडि हुँदै, हालको गुद्री क्षेत्र हुँदै पानी प्रवाहित हुन्थ्यो। उक्त क्षेत्रको खोल्सी निकै गहिरो भएकाले वारीपारि गर्न मुस्किल पर्थ्यो। यस ठाउँमा प्रशस्त

गोहीहरू देखिन्थे,जसका कारण स्थानीयहरूलाई आवतजावतमा कठिनाइ हुन्थ्यो। होलीपारी जानुपर्दा निकै हेरेर दलबलकासाथ तर्नु पर्दथ्यो। लास लग्दा पनि पानीबाट नै तरेर लग्नु पर्दथ्यो। सुनसरी खोलामा राति गोहीका डरले लास लगिदैनथ्यो। चौकदेखि उता बर्खामा घुडाघुडासम्म हिलो, हिउँदमा धुलैधुलो हुन्थ्यो। जुनेली रातमा पनि बाघका डरले राँको बालेर हिड्नुपर्दथ्यो। सखुवाका ठुटा र जराले हलो भाँचेर खनजोत गर्न साह्रै कठिन हुँदा विभिन्न ठाउँबाट दाउरा खोज्न आउनेहरूलाई खाना खुवाएर पहिले मेरो खेतका ठुटा लगिदेऊ भनेर अनुरोध गर्दथे। अर्को उपाय फाँडेको झोडामा कुटे कोदालोले खनजोत गरी बाली लगायो, खाने बेलामा घोडगधा, हरिण, बदेल, अर्ना, वन हात्ती र सुँगाबाट बचेको आफ्नो हुन्थ्यो। समयक्रममा भू-परिवर्तनसँगै यी प्राकृतिक स्वरूपहरूमा पनि परिवर्तन आएको छ।

पानीकालागि इनार खनेर ढ्वाङ्ग प्रयोग गरिन्थ्यो। इनार कै पानी पिउने, लुगा धुने, नुहाउने, पकाउने आदि गरिन्थ्यो। कल(ट्यूववेल) सम्म पनि थिएन। पछि गएर ट्यूबवेलको प्रयोग हुन थाल्यो। अहिले त घर घरमा खानेपानीको पाइप समेत पुगेको छ। दिसा बस्न बाँसबिटी (बासको झ्याङ्ग) वा खेत तिर जानु पर्दथ्यो। पाइखाना(शौचालय)को चलन थिएन। मानिसको भनाई नै थियो “कि बाहिर बस्न जाऊ या जङ्गल जाऊ” भन्दथे। जङ्गल गएर आएपछि हात धुन माटो वा खरानीको प्रयोग गरिन्थ्यो। साबुन थिएन। लुगा धुन खरानीको प्रयोग गरिन्थ्यो। खरानी पानी पकाएर लुगा धुइन्थ्यो। कपडा किन्न कि ठाकुरजीको पसल कि बिराटनगर जानु पर्दथ्यो। केटाहरूले

कट्टु, पैजामा, हाफपेन्ट, शर्ट र केटीहरूले प्रायः फ्रक जामा सुरुवाल लगाउदथे। धनाढ्य वर्गका पुरुषले कमीज (प्रायः खाडीको), धोती, फेटा, नैनसुतको कछाड, भोटो, धर्के कपडा -खद्धर आदिबाट कटु सिलाउदथे, कमीज सुरुवाल, पैजामा, टोपी लगाउथे। जाडामा खास्टो ओढने गरिन्थ्यो। कतिपय महिलाहरू प्रायः डमरकुमारी प्रिन्ट फरिया, सारी, गुन्यु चोलो, कम्मरमा पटुकी, नैनसुतको सारी, मेजेत्रोले सुसज्जित हुन्थे भने कतिपयले प्रायः साडीको घुम्टो ओढदथे। सामान्य वर्गले कोरा कपडा (मारकिन) को कछाड, कौपिन, कोरा धोती, पारीमा हाँस मयूर आदि बुनिएको कोरा साडी लगाउने गर्दथे। यहाँ बसोबास गर्ने महिलाहरूले आ-आफ्नो परम्परा अनुसार विभिन्न गहना तथा श्रृङ्गार सामग्रीहरु जस्तै- चुरा, पोते,नौगेडी, बाला, मुन्द्री, फूली चाँदीका हंसली(घाँटीमा लाउने), पात (पाखुरामा लगाउने) आदि आफ्ना सामर्थ्य अनुरूप लगाउँदथे। बजारका व्यापारीले गाँऊ देहातमा हाट बजार गर्न तथा सामान ओसार पसार गर्न घोडा, गोरु गाडी राख्दथे। प्रायः घरमा गोरुगाडा हुने गर्दथ्यो। धनीले सम्पनीगाडी, हात्तीघोडा पनि राख्दथे।

झोडाबासीका घरहरूमा ढिकी र जाँतो अनिवार्य थियो। ढिकी प्रयोग गरी धान कुटेर चामल बनाइन्थ्यो, भने जाँतो प्रयोग गरेर दाल दलिन्थ्यो। तेल पेल्नका लागि स्थानीयहरू सोनाइ तेलीको घरमा जान्थे, जहाँ काठको कोल प्रयोग गरिन्थ्यो। कोल सञ्चालन गर्न, एउटा गोरूलाई जुवा लगाएर घुमाइन्थ्यो। गोरूको आँखामा पट्टी बाँधेर निरन्तर घुमाइने परम्परा थियो। घुमाउँदा कोलमा राखिएको तोरी वा आलस क्रमशः पिसिँदै जान्थ्यो र तेल

चुहिन्थ्यो। कालान्तरमा, आधुनिक प्रविधिहरू भित्रिन थालेपछि धान कुट्ने र तेल पेल्ने मिलहरू स्थापना भए। इनरुवा क्षेत्रमा पहिलो धान-तोरी मिल महावीर रौनियार (कञ्चनपुरवाला) ले खोलेका थिए। त्यसपछि इन्द्रचंद सोमाणी मारवाड़ीले दोस्रो धान कुट्ने मिल खोले, भने तेस्रो धान कुट्ने मिल गनुवावुले सञ्चालनमा ल्याए। त्यस्तै, दोस्रो तेल पेल्ने मिल पुनित साहले सञ्चालनमा ल्याएका थिए, खाडसारी मिल(चिनी मिल)को पनि स्थापना भयो। त्यस समयमा ब्राह्मणलाई बाजे भन्ने चलन थियो। जस्तै : जेठा बाजे, माईला बाजे, कान्छा बाजे आदि नामले बोलाउने चलन थियो। क्षेत्रीलाई काजीसाहेब भनिन्थ्यो। व्यापारीलाई महाजन भनिन्थ्यो। प्रायः सबै घरमा बारी हुने गर्दथ्यो बारीमा सागपात, तोरी, पटुवा लगाइन्थ्यो। ।प्रायः खर, कांस आदिका छाना भएका बाँसका भाटाले टाटी ठड्याएर गोबर माटोले लिपेका घर हुन्थे, कतै कतै टालीका छाना भएका, पछि पछि टिन (कर्कटपाता) का छाना भएका प्रायः दुई तल्ले घर बन्न थाले। पक्की घरको रूपमा (चुना सुरखीका मद्दतले बनाईएका घर मध्ये) पुपलालको पक्का,अस्पताल मोडमा साने बाबुको पक्का, लक्ष्मी राईको पक्का मात्र थिए।

विस्तारै-विस्तारै सामाजिक स्थिति पनि राम्रो हुन थाल्यो। सबैको सबैमा अति मेल हुन थाल्यो। मर्दापर्दामा एकअर्कामा सारै सहयोग हुन थाल्यो। सबैको गुजारा एकै किसिमको थियो। कोही धनी कोही गरिब भन्ने द्वन्द भावमा थिएन। सबैको नून रोटी चलेकै थियो। झोडाभन्दा बाहिर बस्नेहरू झोडामा बस्नेलाई केही मात्रामा झोडाली भनी हेप्दथे।

सबैको आयस्रोत एउटै थियो। गाईभैंसी पालेर, दुध बेचेर, पाडा-बाछ्रा बेचेर गुजारा चलेको थियो। पाडा-बाछ्रा किन्न इन्डिया मालदहबाट व्यापारी आउँने गर्दथे।

खान्कीमा भात, मकै, कोदो, चिउरा, भुजा आदि मुख्य खान्की थियो। तरकारीमा मूला, रायो, बेथु, पालुङ्गो, प्याज, चमसुर, बोडी, रामझिङनी, सिमी, घिरौला, झिंगनी, आलु, पिडालु, कटहर, लौका, सजीवन, कोभी आदि मुख्य थिए। अचारको रूपमा बुङ्गो, तिल, आलस, गुन्द्रुक, सिन्की आदि थप स्वाद बढाउने परिकार थिए। शाकाहारीले मिठाई खानका लागि चाडपर्व पर्खन पर्दथ्यो भने मांसाहारीले मासुका परिकार खान दशैं पर्खनु पर्दथ्यो। कुराउनी, जुलफी, बुनिया, खाजा, खुरमा, मात्र चिनीले बनेका मिठाई, बनाएको मिठाई, चाकु आदि स्थानीय मिठाईका परिकार हुन्थे। नुनिलो व्यन्जनमा झिलीया (मोटो भुजिया), घुघुनी आदि परिकार खाइन्थ्यो। विशेष अवसर (विवाह, मृत्युशुद्धाई आदि) र पर्वमा जातिगत चलन अनुसार विशेष परिकारका मिठाई बनाईन्थ्यो। पर्व अनुसार दही चिउरा, खीर-पुरी, हलुवा, अनर्सा, सेलरोटी, सातु, तिलको लड्डू, मुरीही चामलको लड्डू आदि परिकार बनाईन्थ्यो। बजार क्षेत्रमा पनि प्रायः घर घरमा गौपालन गरिन्थ्यो। दही, दुध, मोही, घ्यूको प्रशस्तता थियो। फलफूलमा स्थानीय उत्पादन आँप, कटहर, लिची, केरा, अम्बा, फडिर, बयर, सरीफा, करुणा, अमला, काब्राम आदि थिए। अङगूर, स्याउ, अनार आदि बिरामीको अवस्थामा अन्यत्रबाट झिकाइन्थ्यो।

अध्यारो छल्न शिशीमा मटितेल राखी सलेदोको मद्दतले कुपी बालिन्थयो। धनाढ्यले लालटिन-लैम्पको व्यवस्था गर्दथे। राती राको बालेर बाहिर-भित्र गरिन्थ्यो। गर्मीबाट बच्न बाँसका पातला ससाना भाटा मिलाएर बनाईएका, बाँसको हातले घुमाउने घेरामा कपडा बेरेका पंखा हुने गर्दथे। राती बजार व्यवस्थामा पेट्रोमेक्सद्वारा प्रकाशको व्यवस्था हुन्थ्यो। विवाह उत्सव आदिमा पेट्रोमेक्सको विशेष व्यवस्था गरिन्थ्यो।

यो झोडामा सर्वप्रथम आउँने मगर जातिका मानिसहरु थिए। त्यसपछि ठेकदारले ठूला रुख काटी इन्डिया निर्यात गरेपछि जमिन्दार धनबहादुर, केही मगर, केही माझी र बाह्मण क्षेत्रीहरू पहाडबाट र प्रवासिएका नेपालीहरु आसामबाट आई बसोबास गरेका हुन्। इनरुवामा वि.सं. १९८८ को शुरुदेखि जंगलभित्र आउने, जंगल फडानीका क्रममा खाना बनाउन ल्याइएकाहरु,जंगल भित्र वि.सं. २००७ साल सम्म बसोबास गर्ने बासिन्दाहरुको नामावली अनुसुची-१ मा दिईएको छ। यस भयानक जङ्गल भित्र रोपेको इनरुवाको बुटो आज फैलिएर विभिन्न जातजाती, विभिन्न धर्मावलम्बीहरू, विभिन्न पेशावाल, सबैका सबै एउटै घेरामा हातेमालो गर्दै बसेकाले आपसमा घनीभूत सम्बन्ध स्थापित भई इनरुवा आज साझा फूलबारी भएको छ। यस भित्र मठ मन्दिर, मस्जिद आदिले शोभायमान हुँदै विद्या मन्दिर, अड्डा खाना सबै किसिमका विकासले भरिपूर्ण भएको छ। रामगन्ज झोडा, बेलगछिया झोडा, सीतागन्ज झोडा, ३३ नं सत्तेर झोडा, अर्ता झोडा आदि गरेर धेरै झोडा खुले तर इनरुवाको जस्तो प्रगति कुनै झोडाको देखिएन। किन देखिएन? पाठकले पत्ता लगाउँनु होला?

# शिक्षा

बि.सं.१९९७ सालमा शिक्षाको क्षेत्रमा इनरुवा सारै दुब्लो थियो। एक जना नाम थाहा नभएका मास्टर (ठाकुर मास्टर) आएका थिए। उनले पद्म प्र कोइरालाका घरमा प्राइवेट मास्टर राखेर पढाउन सुरु गरेका थिए। त्यसपछि विश्वनाथ झाले बनाएको झुप्रोबास घरमा बसेर हामीलाई पढाउँथे। त्यसमा पढ्नेमा गोपाल अर्याल, निरप्रसाद कोइराला, रामप्रसाद कोइराला, कर्ण सिंह मगर, डा. गोविन्द श्रेष्ठ, पुष्प मणिप्रधान, इन्द्रबहादुर श्रेत्री(बर्मा), चिरिन्जिवी दाहाल र (म) देवि प्र. खतिवडा समेत थियौ। हामीलाई काठको पाटीमा धुलो छरेर अक्षर लेखी पढाउने गर्दथे। गराहाङ्ग, सबैया, डेढा, अडैया,पौना आदि पढाउँथे।

प्रार्थनामा "जनगण मन अधि नायक, जय हे भारत भाग्य बिधाता", "भूले भट्के पथिकौंको सच्चा मार्ग दिखाऔ, हे प्रभु यही हृदय से प्रार्थना हे ध्रुव तारा बन जाँऊ।" भनेर प्रार्थना गर्दथ्यौं। शनिबारका दिन चामल, गुड र पैसा लिएर जानुपर्दथ्यो। शुल्क लाग्दैनथ्यो। पढाउनलाई केही समय छुतहरु लौवाको घरमा चिरिन्जीवी दाहाल र प्रभुनारायण कायस्थले पढाउनुभयो। उहाँले पनि सोही किसिमबाट र केही हिन्दी किताबहरु पढाउनु भयो। त्यसपछि स्कूलको रूपमा विश्वनाथ झाले बनाएको ठूलो टिनको धर्माशालामा पढाउन थालियो । इन्डियाको वनमन्खीबाट रामजी माझीका भाई जगलाल माझीलाई बोलाई स्कूलको रूप दिइयो। निज नै प्राईमरी स्कूलको हेडमास्टर हुन पुगे। निज अङ्ग्रेजी, नेपाली, हिसाब सबै विषयमा पारङ्गत

थिए। उनी गणित बिषयमा सिपालु, पारङ्गत भएकाले उनलाई म्याथम्याटिक्स (Mathematics) पनि भन्दथे।

त्यसपछि सबैको सल्लाहबाट मिडील स्कूल खोल्ने भनी जयनारायण श्रेष्ठ दार्जिलिङ बाट र टि बि राई समेत दुईजनालाई मगाइयो। जयनारायण श्रेष्ठ र पण्डित फणिराज भट्टराईको प्रस्तावले मिडील स्कूलबाट माध्यमिक विद्यालय खोल्ने सल्लाह भई भगवती मन्दिरको जग्गामा स्कूल बनाउने भन्ने सल्लाह भयो। त्यसपछि पण्डित फणिराज भट्टराई र लक्ष्मीप्रसाद दाहाल धरान गई धरान हाइ स्कूल, चैनपुर हाईस्कूल, कर्फोक हाइस्कूल (इलाम) खोल्दै आउनु भएका महानन्द सापकोटालाई ल्याई पण्डित फणिराज भट्टराईले निःशुल्क जग्गा दिई ,फुसको घरसमेत बनाइदिएर उहाँलाई राखियो। निज महानन्द सापकोटा र पं फणिराज भट्टराईको अगुवाईमा जयनारायण श्रेष्ठ समेत लागी अविद्या नाटक पं फणिराजले लेखेर, सो नाटक प्रदर्शन गरी केही पैसा जम्मा गर्नका साथै देउसी खेली पैसा जम्मा गरेर देवि प्र. सुवेदीका नेतृत्वमा उत्तर-दक्षिणको भगवती स्कूल बनाएको हो।

अहिले रहेको हाईस्कूल र वरिपरिको जग्गा भगवती मन्दिरको थियो। यो विद्यालय बनाउन आयस्रोत चाहिएकाले सो समयमा सोही नाटकबाट पैसा जम्मा गरेर बनाइएकाले यस नाटकका कलाकारहरूको देनलाई कदर गर्दै उहाँहरुको नाम खुलाउन आवश्यक ठानेकोले सो नाम खुलाईएको छ।

नाटकका लेखक - पं फणिराज भट्टराई

नाटकका कलाकारहरू;
पं फणिराज भट्टराई
जयनारायण श्रेष्ठ
रघुनाथ अधिकारी
गोपालप्रसाद काफ्ले
ध्रुब दाहाल
उमेशलाल कर्ण
गोपाल कोइराला
देवि प्र. खतिवडा

सोही पैसाले उत्तर-दक्षिणको भवन बाँसको टाटी लगाएर बनाउने काम देवि प्र. सुवेदीबाट भएको हो। दक्षिणपट्टिको पूर्व-पश्चिम बनेको भवन (पछि होस्टेल रहेको) रघुनन्दन महतोले बनाइदिएका हुन्। स्कूलका लागि केदारप्रसाद बराल र टीकाराम कोइरालाद्वारा सम्पूर्ण लकडी ढुवानी समेत गरी सहयोग प्रदान गरिएको थियो। वि.सं. २००९साल मंसिर १५गते मिडिल स्कूलको रुपमा स्थापित भयो। वि.सं. २०१३ सालमा स्कूलको हेडमास्टर महानन्द सापकोटा भई सात कक्षा सुरु भयो। प्रधानाध्यापक बनाई शिक्षा कार्यालयमा निवेदन दिदाँ डा.के.आइ सिंह प्रधानमन्त्री, महाकवि लक्ष्मीप्रसाद देवकोटा शिक्षामन्त्री भएका समयमा हवलदार रामप्रसाद भट्टको पहलमा वि.सं. २०१४ साल कार्तिक ०२ गते हाईस्कूल स्वीकृत भयो। सो भएपछि धरान, बिराटनगरमा बुझ्दा इनरुवा झोडापाटाको स्कूलमा बि.ए पास गरेको हेडमास्टर हुन आउने शिक्षक नपाइएकोले भारतको बिहारबाट गुणेश्वर यादवलाई

ल्याई प्रधानाध्यापक बनाइयो। उहाँले डेढ दशक सम्म भगवती मा.विद्यालयमा सेवा प्रदान गर्नुभयो। इनरूवाको शिक्षा विकासमा उहाँको सेवा अविस्मरणीय रहेको छ। यसमा प्रथम ब्याचमा पढ्ने विद्यार्थीमा गोपाल कोइराला, गोपाल अर्याल, उमेशलाल कर्ण, सबिता श्रेष्ठ, इन्दिरा घिमिरे, तेजकुमारी पराजुली समेत थिए। प्रधानाध्यापकमा महानन्द सापकोटा हुँदै गुणेश्वर यादव र शिक्षकमा जगलाल माझी, टीकादत्त सुवेदी,लावण्य सापकोटा,कृष्ण प्र. भट्टराई, हरिकृष्ण बराल, उपेन्द्रनारायण सिंह, प्रभुनारायण कायस्थ र देवि प्र. खतिवडा समेत भई पठन पाठन सुरु भयो। पछि गएर वि.सं. २०१८-२०१९ सालतिर हाईस्कूलबाट प्राइमरी स्कूल छुट्याइँदा प्रधानाध्यापकका रूपमा तारानाथ शर्मा पोखरेल नियुक्त भई विद्यालयको नाम सुनसरी प्राथमिक विद्यालय राखिएको थियो। सोही समयदेखि विद्यालयमा अलग्गै पठनपाठन सुरु गरिएको हो। प्रारम्भिक अवस्थामा भगवती मा.विद्यालयका लागि संकलित रकम प्रायः बुदरमल चितलांगिया कै जिम्मामा राखिने गरिन्थ्यो। प्रारम्भिक पठनपाठनमा जयन्त भट्टराई,गोपालप्रसाद काफ्ले,चिरञ्जीवी दाहाल र प्रकाश आले लगायतका शिक्षकहरूको सक्रिय सहभागिता थियो।

## श्री भगवती मा.वि. ,इनरुवा -१ सुनसरीको संक्षिप्त विवरण



साविकको भगवती मा.वि

- मिडिल स्कूलको रूपमा- वि.सं.२००९/८/१५ मा स्थापना भयो।
- महानन्द सापकोटा वि.सं. २०१३ सालमा प्र.अ. हुनुभयो।
- माध्यमिक विद्यालय २०१४/७/२ मा स्वीकृत भयो।
- प्रथम पटक SLC २०१६ सालमा ३ जनाले दिएका थिए।
- प्रथम SLC First -मणिराज भण्डारी
- SLC वोर्ड परीक्षा २०३३सालमा भएपछि प्रथम SLC First हुने -अशोक चितलांगिया (अन्तराष्ट्रिय नारी वर्ष १९७५मा तत्कालीन महारानी ऐश्वर्यबाट निबन्ध प्रतियोगितामा द्धितिय भएकोमा स्वर्ण पदक प्राप्त-)

<u>यस स्कूलमा अध्ययन गरेका अन्य विशिष्ट ब्यक्तित्वहरु</u>

- २०२२सालको I.Sc. मा नेपाल प्रथम हुने -मोतीलाल चितलांगिया
- पहिलो न्यायधीस -माधव ओझा
- पहिलो राष्टियसभा सदस्य -रविन्द्र चक्रवर्ती
- पहिलो डाक्टर -डा.गोविन्द ब. श्रेष्ठ
- पहिलो ईन्जिनियर -ई.गोविन्द ब. श्रेष्ठ
- पहिलो वकिल -विपुलेन्द्र चक्रवर्ती (२ पटक न्यायधीस हुने अवसर पाए पनि अस्वीकार)
- पहिलो उपकुलपति -देवनारायण साह (चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान NAMS)
- पहिलो नेत्रविहिन (M.A) पास गर्ने- रामप्रसाद पोखरेल

<u>सुनसरी बहुमुखी क्याम्पस, इनरुवा-०४</u>



विं.सं २०३६ अघि इनरुवाका विद्यार्थीहरू एस. एल.सी. पश्चात उच्च शिक्षाको लागि धरान, विराटनगर वा अन्यत्र

जानु पर्ने अवस्था थियो। आर्थिक कारणले कतिपय विद्यार्थीहरू अध्ययन कार्य जारी राख्न असमर्थ थिए। यही कुरालाई दृष्टिगत गरी तत्कालीन रा.पं. सदस्य स्व.श्याम प्रसाद गुप्ता लगायत अन्य सामाजिक अभियन्ताहरूको सक्रियतामा वि.सं. २०३७ मा त्रि.विबाट सम्बन्धन प्राप्त क्याम्पसको रूपमा सुनसरी बहुमुखी क्याम्पसको बिजारोपण भयो। प्रारम्भमा श्री भगवती माध्यमिक विद्यालयको भौतिक पूर्वाधारहरू उपयोग गरी विहानी सत्रमा कक्षाहरू सञ्चालन भए। वि.सं. २०४१ सालदेखि बि.ए. र २०४८ सालदेखि बि.कम. को समेत स्वीकृति प्राप्त गरी अध्ययन अध्यापन हुँदै आएकोमा वि.सं. २०७१ सालदेखि एम.वि.एस. र वि.सं. २०७६ सालदेखि एम.एड. समेतको अध्यापन कार्य यस क्याम्पसमा भैरहेको छ। हाल आफ्नै जमिन र भौतिक पूर्वाधारमा यो क्याम्पस सञ्चालित छ।

## तोयानाथ नर्वदा खतिवडा बलाहा बहुमुखी क्याम्पस

त्यस्तै सामूदायिक क्याम्पसको रुपमा श्री तोयानाथ नर्वदा खतिवडा बलाहा बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०६७ मा बलाहामा भयो। यस क्याम्पसका लागि अच्युत खतिवडा समेतले जग्गा दिएका हुन्। यस क्याम्पसमा हाल बि.बि.एस. तहको पठन पाठन भैरहेको छ।

त्यस समयमा स्कूल पढ्न भगवती मा.वि जाने गर्दथे। अहिलेको जस्तो निजी विद्यालय थिएनन्। सरकारी विद्यालयमा पनि यही एउटा भगवती मा.वि. थियो। पछिपछि आएर राजाजी मा.वि. इनरूवा-०२, बालमन्दिर इनरूवा-०१,

शारदा मा.वि इनरूवा-०५, सरस्वती मा.वि. इनरूवा-०९, त्रिभुवन मा.वि इनरूवा-०८, जनता मा.वि आधारभुत विद्यालय (हालसम्म आठ मा.वि., चार नि.मा.वि.) र आठ आधारभूत विद्यालय आदि थुप्रै स्कूलहरू खुलेका छन्।त्यस समयमा सरकारी विद्यालयको शिक्षाको स्तर उत्कृष्ट थियो।

# स्वास्थ्य

यस झोडामा बसोबास गर्नेहरुले मलेरिया ज्वरो, औलो, हैजा, माई जस्ता भयानक रोगको पनि सामना गर्नुपरेकोले गर्दा यहाँबाट जनता भाग्न थाले। अस्पताल आउनुभन्दा अगाडि धामी झाक्रीले नै रोग निको पार्ने जनविश्वास थियो। अहिले इनरुवामा रहेको जिल्ला अस्पताल पहिले भीमनगरमा थियो। भीमशमशेर ज.ब.रा. प्रधानमंत्री हुँदा ४७ ब्लक झोडा खोलेपछि त्यसको देखभाल सन्चालन गर्ने आफ्नो नाउँमा भीमनगर बजार बसालेर अड्डाखाना त्यहीं सन्चालन गरिएको थियो। पछि जुद्ध शमशेर ज.ब.रा. प्रधानमंत्री भएर भीमनगर अड्डाखानालाई बिराटनगरमा गाभेपछि सो नगर उजाड़ भएर गएको र अस्पताल पनि राम्ररी संचालन हुन नसकिरहेको अवस्थामा राणा प्रधानमंत्री जुद्ध शमशेर ज.व.रा. को मोरंग दौड़ाहा भएको बेला सो अस्पताल इनरुवामा सारी पाँऊ भनेर धनबहादुर श्रेष्ठले निवेदन दिएर निकासाको लागि दौड़ाहासंग सगैं काठमांडू गएर ३ महिना बसेर भीमनगरको अस्पताल इनरुवा निकासा भए बमोजिम स्व. पद्मलाल कोइरालाबाट दिएको जग्गामा सारिएको हो। अस्पताल इनरुवा आउँदा सर्वप्रथम नलिनी सेन भन्ने डाक्टर थिए। दोस्रा मिनेन्द्र घटक, तेस्रा धीरेन्द्र चक्रवर्ती भन्ने डाक्टर आएका थिए। पहिले १-डाक्टर, १-कम्पाउन्डर र १-ड्रेसर गरी ३ जना द्वारा अस्पताल संचालन हुन्थ्यो। औषधि वितरण गर्नेमा चन्द्रबहादुर श्रेष्ठ र कम्पाउण्डरमा सोमतराज बस्नेत थिए। सो अस्पतालमा कुईनाइनको झोल मात्र वितरण गरिन्थ्यो। यसरी सुरु गरिएको अस्पताल हाल जिल्ला अस्पताल हुन पुगी सामान्य

उपचारदेखि प्रसूति सेवा, इमरजेन्सी सेवा र सामान्य सर्जरी समेत हुन थालेको छ।

## जिल्ला अस्पताल सुनसरी




नेपालकै पुरानो अस्पतालमध्येको एक इनरुवा अस्पताल वि.सं. १९९१ मा तत्कालीन अवस्थामा झोडा फडानी गरी स्वास्थ्य उपचार केन्द्रका रुपमा तयार भएको थियो। वि.सं. १९९८ भाद्र २७ मा तत्कालीन सरकारद्वारा झोडाफडानी अस्पतालको रुपमा स्वीकृति प्राप्त गरेको इतिहास छ।हाल नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो अद्यावधिक मिति २०७३ माघ २० अनुसार जम्मा ५९ दरवन्दी सहितको ५० शैया अस्पतालको रुपमा सेवा प्रवाह भइरहेको छ।संघीय संरचना अनुरुप नेपाल सरकारवाट प्रदेशमा हस्तान्तरण भएपछि कोशी प्रदेश सरकार मार्फत द्वित्तीय तहको प्रादेशिक अस्पतालको रुपमा सेवा प्रवाह गर्ने जिम्मेवारी पाएको

छ। मिति २०७४ मङ्सिर १ गतेदेखि स्वास्थ्य विमा कार्यक्रम समेत संचालन भइरहेको छ। अस्पताल रहेको भुभागको कुल क्षेत्रफल १ विघा १४ कठ्ठा १३ धुर रहेको छ ।

# सूचना तथा सञ्चार

सूचना तथा सञ्चारको कुरा गर्नू पर्दा त्यस समयमा चिठ्ठीका मार्फत सूचना आदान प्रदान गरिन्थ्यो। दुई जना हुलाकी हुन्थे। हुलाकीले लौरोमा घण्टी बाँधेको हुन्थ्यो। हुलाकीलाई बाटो छोडेन भने उसले भालाले हानेकोमा समेत कुनै कानून लाग्दैनथ्यो। अहिले एम्बुलेन्सलाई जस्तै हुन्थ्यो। मान्छेहरु इनरुवाबाट इटहरी, इटहरीबाट दुहबी, दुहबीबाट विराटनगर, धनकुटाबाट मूलघाट, मूलघाटबाट धरान हिडेर आउँथे। भोजपुरबाट त्रिवेणी, त्रिवेणीबाट चतरा, चतराबाट धरान आँउथे। कसैले मृत्युको खबर दिनु पर्ने भएमा सेतो खाममा सेतो धागाले बाधेको चिठीबाट मृतक चिन्ह मानिने भएकाले कतै रात नविसाई शीघ्रातिशीघ्र ठाउँमा पुर्याइन्थ्यो। त्यस बेला नेपालमा संचारको ठूलो अभाव थियो। आजको जस्तो एउटा बन्द कोठामा बसेर विश्व नियाल्ने प्रविधि त के, रेडियो समेत थिएन। टेलिभिजनको त नाम सुनिने कुरै भएन।

इनरूवामा पहिले आउने चिठ्ठी पत्र देवानगन्ज धूर्ना (सीमावर्ती भारतीय पोष्ट अफिस) बाट साताको १ दिन इनरूवा ल्याएर वितरण गरिन्थ्यो। इटहरी हुलाक अन्तर्गत इनरूवा हुलाक कायम भएको हो। वर्तमान अस्पतालको छेउछाउको कुनै स्थानबाट काम शुरू गरेर शान्तिचौकको चन्द्रबहादुर श्रेष्ठ ड्रेसरको घर अनि वडा नं. १ को तारानाथ पोखरेलको घर हुंदै हुलाक कार्यालय हाल नगरपालिकाको छेऊमा रहेको आफ्नै जग्गामा स्थायी रूपमा स्थापित भएको हो।

प्रजातन्त्र आएपछि समाचार सुन्ने माध्यमका रूपमा ट्रान्जीस्टर रेडियो प्रचलनमा आयो। शुरूमा यो साधन पनि नगण्य नै थियो। कोशी प्रोजेक्ट आफीस (वर्तमानमा CDO आवास), भगवती मा.वि.को फिल्ड,इनरूवा अस्पतालको प्रांगणमा ठूलो भीडका बीच डकुमेन्ट्री फिल्म तथा प्रायः हिन्दी र कहिलेकाहीं नेपाली फिल्म प्रदर्शित गरिन्थ्यो। २०१७ साल पुष १ गतेको घटना पछि खबर जान्न सबैमा उत्साह थियो। तर त्यस अवस्थामा नेपालमा पत्रकारिता क्षेत्र नाम मात्रको थियो। धेरैजसो भारतबाट प्रकाशित हुने पत्रिका मार्फत् खबरको जानकारी राख्थे। बुदरमल चितलांगियाको पसलमा पटनाबाट प्रकाशित हुने 'आज' वा 'आर्यावर्त' भन्ने पत्रिका मँगाएर राखेको हुन्थ्यो। बाहिर बाह्रमासे आँपको बोटको फेदमा खाट, बेन्च आदि रहन्थ्यो। केही पढे लेखेका र खबर जान्न चाहनेहरूको त्यहाँ भीड नै लाग्दथ्यो। संचारको हकमा आकाशवाणीको (आवा) सुविधा राम प्र. यादव बसेको घरमा थियो। शुरुमा प्रधानपञ्च दधिराम पराजुली को घरमा आवाद्वारा सूचना आदानप्रदान गरिन्थ्यो। इनरुवामा पहिलो टिभी गनुबाबुको घरमा थियो। उनको घरमा टिभि हेर्न जाने गर्दथे। प्रारम्भिक रूपमा इनरूवामा बसोबास गर्ने जनसमुदायले नेपाली, हिन्दी भाषाका साथै आआफ्ना मातृभाषा मैथिली, नेवारी, झांगड, मगर, मारवाडी आदि भाषा बोल्ने गर्दथे ।भेषभूषा -जातजाति पिच्छै फरक पहिरन र गहनागुरियाको प्रचलन थियो।

# शान्ति सुरक्षा




झोडा खुलेको अवस्थामा कुनै शान्ति सुरक्षा थिएन। त्यस समयमा चारैतिर डकैतीको ठूलो प्रकोप थियो। यहाँ सीमाना पारीबाट गाईभैंसी र धनमाल डकैती गर्न आउने गर्दथे। त्यसकारण शान्ति सुरक्षाका लागि यहाँ राती पहरा दिन गाउँलेहरुबाट ५ जनाको टोली गठन गरी सो टोलीले खबरदारी र जंगली जनावरबाट बालीनाली नाश गर्ने भएकोले ठाउँठाउँमा थोत्रे टिन झुण्डाएर, सो टिन ठटाएर त्यस ध्वनिबाट जनावरलाई तर्साउने र डाकाहरु आएमा गाउँमा खबरदारी गर्ने गर्दथे। सानुबाबु र शिकारी मगर भएर टोटावाल भरूवा बन्दुक लिएर आवश्यक पर्दा गस्ती हिड्ने टोलीसँगै हिड्दथे। जमिन्दारका छोराहरूले बन्दुक लिई फायरिङ्ग गर्दा डाकाहरु सतर्क हुन्थे। राणा प्रधानमन्त्री जुद्ध शमशेर ज.ब.रा. को मोरंग दौड़ाहा भएको वेला केसलिया घाटमा रहेको पुलिस चौकी इनरुवामा सारी पाँउ भनेर सानुबाबुले निवेदन दिएर निकासाको लागि दौड़ाहासंग

सगैं काठमांडू गएर ३ महिना बसेर केशलिया घाटको पुलिस चौकी इनरुवा निकासा भए बमोजिम सारिएको हो। पुलिस चौकी आउँदा प्रमुखका रुपमा स्वर्गीय हवलदार वीर बहादुर खत्री क्षेत्री पहिला, दोस्रोमा रामप्रसाद भट्टजी हुनुहुन्थ्यो। सिपाहीमा राम प्र. पोखरेल, पृथ्वीबहादुर पन्त समेत पाँच जनाको टोली हुनुहुन्थ्यो। सामानमा चार राइफल र एक तुरङ्ग ल्याइएको थियो। यो चौकी थानामा परिणत भएपछि पहिलो इन्सपेक्टरमा मदन प्रधान र पहिलो थानेदारमा स.ई. नैन बहादुर क्षेत्री रहनु भयो। पछि आएर सोही टोलीहरुलाइ निरन्तर दिदै थप दरवन्दिमा आएका प्रहरीहरु पनि त्यसैमा सामेल भै खवरदारी गर्न थाले। यसरी सुरु भएको चौकी आज जिल्ला प्रहरी कार्यालय, सुनसरी हुन पुगेको छ।

प्रहरी चौकीको रूपमा पहिले पं. फणिराज भट्टराईको बारी (हाल अश्विनी भट्ट घर रहेको इनरूवा-१ को जग्गा)मा, पछि हाल अस्पताल रोडमा रहेको काली बहादुर श्रेष्ठको घर अगाडि पछि पं. हरि प्रसाद घिमिरेको घर (हाल सुनसरी स्टोर्सको दक्षिणको जग्गा) मा र त्यसपछि डा.सोमतराज बस्नेतको घर अगाडिको लक्ष्मी राईको घर जग्गा (हाल चितलांगिया परिवारको घर भएको ठाँऊ) हुंदै वर्तमानमा भगवती मन्दिर अगाडि आफ्नै जग्गामा जिल्ला प्रहरी कार्यालयको रूपमा स्थापित भएको हो।

# राजनीति

त्यतिबेला श्री ५ त्रिभुवन वीर बिक्रम शाह देव राजा थिए। सरकारमा राणा प्रधानमन्त्री भीमशमशेरको हुकुमी शासन थियो।राजनीतितर्फ हेर्दा २००७साल अगावै हुकुमी शासन भएकोले कुनै राजनीति चेतना थिएन।हुकुमी शासनको विरोध गर्दा केही शहीदहरु भएकोसम्म सुनिएको तर सर्वसाधारण जनतामा त्यसको केही प्रभाव पर्न सकेको थिएन।त्यसताका राजनीति विषय फस्टाएको थिएन।बि.सं. २००७ सालमा प्रजातन्त्र आयो।पहिलो प्रधानमन्त्री मोहन शमशेर थिए।बि. सं २०१५ सालमा आमचुनाव भयो।सो चुनावमा वि.पी यही ठाउँबाट जितेर प्रधानमन्त्री भए।२००७को जनआन्दोलनपछि वि.पी. कोईरालाको प्रतिस्पर्धा गर्ने कोही नभएको अवस्थामा दिल बहादुर श्रेष्ठ उम्मेदवार भएका थिए।बी.पी. सँग टक्कर लिएर चुनाव लडेको क्षमता सानेबाबुको देखेपछि महेन्द्र राजाले सानेबाबुलाई माननीयमा मनोनित गरेर गृह पञ्चायत सहायक मन्त्री बनाएको इतिहास छ।२०१७साल पछि होम बहादुर र दिल बहादुर दुबैको दरवारसँग घनिष्टता भयो।घनिष्टता हुनुमा मुख्य तीन कारण रहेका छन् ;

- वि.पीको प्रतिस्पर्धामा उठ्नु,
- सदरमुकाम भुटाहा लग्ने वि.पीको मनसायमा विरोध प्रदर्शन गर्नु,
- शिकार गर्नमा पारङ्गत हुनु,

बि.सं २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्थाको शासन प्रणाली राजा महेन्द्रले लागु गरेका थिए।पहिले सुनसरी

र मोरङ एउटै जिल्ला थियो। सुनसरी र मोरङ जिल्लाको छुट्टै प्रशासनिक एकाइका रूपमा स्थापना वि.सं. २०१८ (सन् १९६१) मा गरिएको हो। यसअघि यी दुई जिल्ला एउटै प्रशासनिक इकाइअन्तर्गत थिए। नेपालमा पञ्चायती शासन प्रणाली लागू भएपछि ठूला प्रशासनिक इकाइहरूलाई विभाजन गरी साना जिल्ला बनाउने निर्णय अनुसार यी दुई जिल्लाको छुट्टाछुट्टै पहिचान भएको हो। त्यसपछि पञ्चायती व्यवस्थाभरि सुनसरी जिल्लामा दिलबहादुर श्रेष्ठ (सानुबाबु) को बोलवाला रह्यो। सोही समयमा उनले दुहबी-इनरुवा सडकसमेत खुलाएका हुन। बि.सं.२०४७ मा प्रजातन्त्रको पुनर्बहाली र बि.सं.२०७२ को गणतन्त्र बहाली पश्चात राष्ट्रिय राजनीति समाबेशीतर्फ उन्मुख भई विकास र समृध्दिको बाटोमा लाग्दा त्यसको प्रतिफलमा इनरुवाले पनि थुप्रै राजनेताहरु जन्माएको छ।

# विकास

शुरुमा इनरुवा एउटा घना जङ्गल थियो जसमा जङ्गली जनावरहरूको बासस्थान थियो। त्यस घना जङ्गलमा विना हतियार मानिस प्रवेश गर्न सक्दैनथे। त्यस्तो घना जङ्गल आज सदरमुकामको रुपमा यहाँ सम्म आइपुगेको छ। यहाँ कुनै बाटो थिएन। भर्खरै झोडा फडानी भएकाले जंगल भित्र टुङ्ग घरहरु रहेका थिए। टुङ्ग घरहरू पनि धेरै टाढा र पातला थिए। पातला वस्ती भएकाले हरेक व्यक्तिले हरेक व्यक्ति चिन्दथे र आपतविपतमा सहयोग आदानप्रदान गर्दथे। जंगलका बिचमा घर भएकाले घरपालुवा जनावर जोगाउन धौधौ पर्दथ्यो। बाघ, चितुवा र स्याल कराउने, गाईभैंसी र बाख्रालाई झम्टिने, मार्ने आतंकले वासिन्दा दिक्क भएका थिए। सोही दुःख भएकाले दिल ब. श्रेष्ठले बस्ती बढाउने, बाटो खुलाउने, जंगल पातलो बनाउने काम गरेका थिए। सोही समयमा बिराटनगर पुग्न आलीको डिल हुँदै पैदल हिड्नु पर्दथ्यो। दिलबहादुर श्रेष्ठले धरान, बिराटनगर पुग्न सहज होस भनेर दुहबीको बाटो तथा बक्लौरीदेखि कौवाखोच सम्मको बाटो खुलाएका हुन्। मुख्य सडक खुल्नासाथ भित्री बाटोहरु पनि खुलाउन थालियो। अहिले भएको इनरुवालाई महेन्द्र राजमार्गले छोएको हुदा इनरुवालाई सदरमुकाम हुन थप सहयोग पुर्याएको थियो। त्यस समयमा सुनसरीको सदरमुकाम भुटाहामा जाने भई भवन समेत बनेका थिए। तर सानेवावुको प्रयासले इनरूवा सदरमुकाम हुने भएपछि जिल्ला प्रशासन, मालपोत, शिक्षा, बिजुली अफिस, वन, नापी कार्यालय आदि कार्यालयहरु समेत इनरुवा मै स्थापित भए।

साविकमा धनबहादुर समेतको घर विजयपुर भएकोले होमबहादुर श्रेष्ठ(ठूलेवावु) र दिलबहादुर श्रेष्ठ(सानेवावु)ले धरान शहर देखेको हुँदा जंगलभित्र बसेपनि उनीहरू यो झोडालाइ कसरी धरान जस्तो बनाउने सोच राखी सबैलाई भन्दथे। त्यसैको परिणाम झोडापाटा हुँदै गाउँबाट इनरुवा बजार सदरमुकाम बन्न पुग्यो। सुरुमा हाट लगाउने कार्य भयो। महिनामा एक पल्ट,पन्ध्र दिनमा एक पल्ट गर्दा गर्दै हप्तावारी हाट बजार लाग्न थाल्यो। हाट लगाउँदा सड्ने गल्ने सामान वेलुका सम्म नबिकेको खण्डमा ती सबै धनबहादुरकै परिवारले किनेर झोडा बासीलाई बाँडिदिन्थे। नसड्ने सामान व्यापारीले फिर्ता लैजान्थे। पहिलो हाट हाल नगरपालिकाको भवन भएको ठाउँमा बालेश्वर शिव मन्दिर, गणेश मन्दिर भएकै ठाउँमा लाग्ने गरेको थियो। पछि ठाउँका अभावमा हाल भएको बिहिबारे हाटमा (हाल भव्य दुर्गा मन्दिर भएका ठाउँमा) लगिएको हो । यो विशाल जङ्गल भित्र बस्ती बसाउनु भनेको समुन्द्रमा पौरिएर पार हुनु जस्तो थियो। तर पनि धन बहादुर परिवारले हार मानेनन्। अगाडि परेको समस्यालाई जसरी भएपनि समाधान गरी बस्ती बसाई छाडे। सानेवावु र ठूलेवावु दुई दाजुभाई पढेलेखेका थिएनन्। उनीहरुको संगत भनेको शिकारी मगरहरुसँग थियो। जङ्गल भित्रको बास, शिकारीको साथ हुँदा सिकार खेल्न राम्रो जाने। सोही संगतबाट सानेवावु शिकारीमा नामी भए।

त्यसबेला जङ्गल भित्र जनता बसाउनू पर्ने भएकोले ललाई फकाई गरी ल्याएतापनि जङ्गली जनावरको डरले रैती भाग्दथे। त्यस अवस्थामा जङ्गलमा बसोबास गर्ने शिकारी भएकोले सरकारबाट

शान्ति सुरक्षाका लागि टोटावाल बन्दुक राख्ने अधिकार सानेवावु र ठूलेवावुले पाएकोले उनीहरुले राखेका थिए। जहाँ रैतीलाई जङ्गली जनावरले दुःख दिन्थे, त्यहाँ दिलबहादुर पुगेर कुनैलाई मारेर, कुनैलाई भगाएर वा जसो गर्दा बसोबास गर्ने रैतीको सुरक्षा हुन्थ्यो त्यसै गरी उनीहरूको अनुकूल मै काम गर्दथे। त्यसैले जनता समेत उनको भरोसा गर्दथे। जङ्गली जनावरले बाली नाली नोक्सान गर्ने भएकाले र डाकाको डर हुने भएकाले उनले राती गस्ती गर्ने व्यवस्था मिलाए। ठाउँठाउँमा बाँस गाडेर थोत्रो टिन झुण्डाएर गस्तीवालाले त्यहाँ पुगेर झुण्डिएको टिन ठोक्दा जङ्गली जनावर पनि भाग्ने र डाका पनि मानिस जागेकै छन् भनेर भाग्ने हुँदा यस किसिमको व्यवस्था गरे।

एक चोटीको घटना हो। हाल भएको कमल टाकिजको पछाडि रहेको गुद्रीमा आहाल बसेको भैंसीलाई एउटा बाघले आक्रमण गरेको थियो। गोठालाले देखेर सानेबावुलाई खबर गरे, सानेबावु कुदेर आएर रुखमा चढी बाघलाई बन्दुकले हान्दा बाघले भैंसी छाडी सानेवावु चढेको रुखमुनी आईपुग्दा लगातार अरू गोली हान्दा बाघ मर्यो। भैंसीको घाँटी फोडी सकेकोले भैंसी पनि मर्यो। त्यहाँ वरिपरि मान्छे र केटाकेटीहरू हेर्न जाँदा यत्रो टाउको भएको लामो बाघ पसारेको हामीले पनि आँखाले देख्यौं।

अर्को हेमलाल श्रेष्ठको बारीमा पटुवा मकै छरेको थियो। बदेलले मकै खायो भनेर दिउँसै रुखमा मचान बनाई बसेकोमा बँदेल नआई बाघ आएकोले त्यसलाई पनि दिल बहादुरले

मारे। हाल बुदरमल चितलाङ्गियाको घर पछाडि बाघले के मारेर खाइरहेको थियो, त्यसलाई पनि रूखमै चढेर मारे। यसै क्रमले झोडा बासीलाई खुसी पारेर झोडालाई विकास गराए। झोडालीलाई नोक्सान गर्ने कुनैलाई छाडेनन्। त्यसो हुँदा झोडालाई इनरूवा बजार बनाए। झोडाको विकास यस प्रकार भयो। झोडा भित्र त्यो समयको विकास भनेको त्यही नै थियो। सखुवागाछी मुनितिर मबेसी (गाईवस्तुको हाट) लगाए। झोडा भित्र पानीको अभाव भएकोमा सबै जनताहरुसँग सहयोग लिई कुरूवा खोलामा बाँध बाँधेर कुलो नहर ल्याई सिचाईको व्यवस्था मिलाएका थिए। राजा महेन्द्र २०११ सालमा राजा भए। यसै समयमा श्रेष्ठ दाजुभाईले इनरूवाको विकासमा सहयोग गरे। उनी शिकारीकै रूपमा र देश र नरेशको भक्त हुन् भन्ने राजालाई लागेर निजहरुप्रति विश्वास भएर दुबै दाजुभाई गृहमन्त्री हुन पुगे। यसै क्रममा पूर्व-पश्चिम राजमार्ग पकलीको कान्छी चौक हुँदै चतरा भएर काठमाडौं जाने भएकोमा राजा महेन्द्रलाई "सरकार दक्षिणका जनता हामीलाई राजमार्गले फाइदा भएन भनेर दुखित छन्, कोशी व्यारेजमा पुल छदै छ, खर्च कम हुने र राजमार्गको उपभोग दक्षिणका जनताले समेत पाई खुसी हुने थिए, सरकार?" भनी बिन्ती चढाउँदा सरकारबाट राजमार्ग इनरूवा हुँदै काठमाडौं जाने बनाए।

जग्गाको मालपोत नतिर्दा अन्य मौजाहरूमा जग्गा लिलाम गराएर मालपोत असुल गरिन्थ्यो। तर इनरूवामा मालपोत वाँकीमा कसैको जग्गा लिलाममा परेन किनकि पानमारा पत्रङबारी मौजा लिलाम भई आफूहरुले पाएको दुख नजिकबाट

उनीहरुले महसुस गरेका थिए। त्यसैले उनले सबैको मालपोत तिरि दिन्थे। पछि तिर्न सकेको बेलामा तिर्दा दण्ड जरिवाना लिदैनथे।

# यातायात

पहिले इनरूवाबाट पैदल, घोडा, बैलगाडीबाटै एक ठाँऊबाट अर्को ठाँऊ पुग्ने गरिन्थ्यो। बैलगाडा,पाडागाडी नै सरसामान ल्याउने पुर्याउने माध्यम थिए। बाटाघाटा बनिरहेको अवस्थामा भने रसीयन जीप (२०८ र ७३७ नं. रहेको), आराथुन बस संचालनमा आएका हुन्।



इनरुवा, सुनसरीको यात्राको यो पुरानो तस्बिर एक ऐतिहासिक दस्तावेजजस्तै देखिन्छ, जसले त्यतिबेलाको सामाजिक, सांस्कृतिक र भौतिक अवस्थालाई सजीव रूपमा उजागर गर्छ। धरान र विराटनगरबीच सञ्चालन हुने बस यात्रा निकै अविश्वसनीय एवं रोमान्चकारी थियो, तर पुराना र जिर्ण सवारी साधनहरूले यात्रा सहजभन्दा पनि जोखिमपूर्ण बनाउँथे। चित्रमा देखिएको पुरानो बस सडकमा बिग्रिएको अवस्थामा छ, जसको छानामा भरिभराउ सामान र भित्र यात्रुहरू

बसेको स्पष्ट देखिन्छ। यो तस्बिर एउटा गाडी बिग्रिएको दृश्य मात्र होइन, यो ग्रामीण नेपालले बाह्य संसारसँग पहिलोपटक गरेको साक्षात्कारको प्रतीक हो 'जहाँ प्रविधिको जिर्ण स्वरूप र मानव जिज्ञासाको ताजगी एकै फ्रेममा समेटिएको छ।

## दुहबी सडक

दुहबी बाटोको विषयमा दिलबहादुर श्रेष्ठ, श्रीप्रसाद भण्डारी, दानालाल चौधरी, कालीप्रसाद चौधरी, नारायण खड्गी समेतको एक कमिटि गठन गरी सो कमिटीको अगुवाई दिल ब. श्रेष्ठले गरेका थिए। यी कमिटीका सबै व्यक्तिहरुले बाटो बनाउन अवरोध गर्नेलाई विभिन्न प्रकारबाट सम्झाई बुझाई सहयोग समेत माग गरी बाटो बनाएका थिए।

इनरूवा-दुहबी बाटो बनाउँदा धेरैको जमिन काटिने भएकाले यो काम गर्नु भनेको वालुवाबाट तेल चुहाउनु जस्तै थियो। तर दिलबहादुर श्रेष्ठले कसैलाई बाटो भयो भने जग्गाको मोल बढ्छ, कसैलाई मित लगाएर, कसैसँग ओहदाको प्रलोभन देखाएर सो बाटो खुलाएका थिए। यो गरिसकेपछि साथीभाईसँग सल्लाह गर्दा सबैले मन्जुर गरी केही मजदुर, केही श्रमदाता जम्मा गरी बाटो बनाउन सुरु भयो। यहाँदेखि गडनसम्म श्रीप्रसाद भण्डारीको मौजा भएकाले सजिलैसँग बाटाको खाका बसाए। गडन तरेपछि ठाउँठाउँमा बाधा अवरोध हुँदै जाँदा कसैलाई के को प्रलोभन, कसैलाई जबरजस्ती बाटो बनाउनुपर्छ भन्दै जाँदा सात दिनमा सिमरिया पुग्दा बुद्धि बहादुरज्यूले आफ्नो जग्गामा टेक्नै नदिएपछि सानुबाबु अनसनमा बसेर २ दिन सम्म केही

नखाएपछि बुद्धिबहादुरज्यूले "चिर साने चिर मेरो छाती चिर" भनेर छोडेपछि बाटोको खाका दुहबी सम्म पुर्याउन सम्भव भयो। बर्खा लाग्यो जग्गावालले बाली लगाउँदा बाटोको सबै खाका हरायो। फेरि, सानेबाबुले हार नमानी २०१० सालमा अस्पताल पूर्व, २०११ सालमा पं फणिराजको बारीमा,२०१२ सालमा सुनसरी किनारमा मेला लगाएर सिनेमा, नाटक, नोटङ्की आदि गराई आएको पैसा र बाढी पिडितका लागि आएको अन्नबाट बेचेर आएको पैसा दुहबी सडक र भगवती मिडील स्कूलमा लगाए।

दुहबीबाटो बनाउँदा वि.सं. २०१४ पहिले गडी हिड्ने धुले बाटो बनाइयो। २०१८ सालमा काठको पुल समेत हालेर बाटो तयार गरिएको हो। इनरुवा दुहवी मार्ग निर्माण भईसकेपछि उक्त मार्ग हुदै इनरुवाबाट दुहवी- बिराटनगर सम्म आवत जावत गर्न नेत्रबहादुर मल्लले दुईथान जिप राखी सो कच्ची सडकमा आवत जावत कार्य गराई केही बर्षकालागि सेवा पुर्याउनु भएको थियो।

त्यसपछि जिल्ला पंचायत, जिल्ला विकास समितिले विजय गच्छदार मन्त्री हुँदा सो बाटोको संरक्षण गर्नका साथै ग्राभेल हुँदै पिच गरिएको हो। पहिले बाटो खोल्दा सराप्नेहरू पछि गएर दिल बहादुरको जय होस भन्न थाले। दक्षिणतर्फ पूर्वाधार भएका नभएका पनि धेरै बाटाघाटाहरु २०४६ पछि बनेका हुन्।

# बजारको विकास वि.स. २०१५ सेरोफेरोका फोटोहरु



# बजारको विकास वि.स. २०१५ सेरोफेरोका विहिबारे हटिया




१) स्व. बुदरमल चितलांगीयाको घर सुनसरी स्टोर, २) साविक बालेश्वर महादेव मन्दिर, ३) तत्कालीन हरिप्रसाद घिमिरेको घर, ४) तत्कालीन सुवेदार भिम बहादुर श्रेष्ठको घर अगाडीका नरिवलका बोट, ५) तत्कालीन जमिनदार धन बहादुर श्रेष्ठको घरको सेरोफेरो

यस फोटोमा तत्कालिन इनरुवा बजारमा हाट लागेको देख्न सकिन्छ। यसमा साविकको शिव मन्दिर पनि देख्न सकिन्छ। यसमा विश्वनाथ झाले बनाएको धर्मशाला पनि देख्न सकिन्छ।

पहिले धरान जाने बाटो अस्पतालतिर बाट घुमेर जान्थ्यो। इनरुवा बजारको पूर्वपट्टि, अस्पतालको पूर्वतर्फ रहेको ठाकुरहरूको बारीमा पहिलो पटक मेला आयोजना गरिएको थियो। दोस्रो मेला सुनसरी खोलाको पूर्वपट्टि तथा तेस्रो मेला हालको गुद्री क्षेत्रको छेउ (पं. फणिराज भट्टराई)को जग्गामा सञ्चालन गरिएको थियो। यसै क्रममा व्यापारिक गतिविधि बढ्दै जाँदा बजार स्थापनाका लागि बहस सुरु भयो, जसले इनरुवा बजारको विकासलाई नयाँ गति दियो। हप्तामा लाग्ने हटियाका दिन ठूलो बजार लाग्दथ्यो। बिहीबारे हटिया वर्तमान मुख्य बजार क्षेत्रको शिवालय को वरिपरी लाग्दथ्यो। इनरूवाको हटियाको सर्वत्र चर्चा हुने गर्दथ्यो। हटियामा डोम (मरिक) जातको हस्तशिल्पका रूपमा  ढक्की, नाङ्लो, कोनीया आदिको कारोबार हुने गर्दथ्यो। कुम्हालेहरूले घैला, दियो, गिलास, खुत्रुके आदिको कारोबार गर्दथे। माटाका भाडाकुडां इनरूवाबाट धरान तर्फ पनि बिक्री हुन्थे। हटियामा कंकड, मुसा मार्ने दवाई, हाडजोड, श्रृंगार सामग्री बिक्री हुने गर्दथे। पहाडी भेकबाट ऋतु अनुसार अदुवा, कागती, चिराइतो, बयर, आलु, सुन्तला, नसपाती आदि डोकामा ल्याई बेचबिखन गरिन्थ्यो।

बजारमा धान, पाटा, तोरी, आलस आदि खरीद बिक्री हुन्थ्यो। लोहालक्कड पसलमा कंती, भाडा, आरी, बाल्टी, कोदालो,

गोरु गाडीको धुरी, बलेसरी काटी, पाइप आदिको कारोबार हुन्थ्यो। टाटा कम्पनीका फलामे सामान रोजाईमा पर्दथे। पछि सिल्वरका भाडाकुडा प्रचलनमा आए। किराना सामानमा दैनिक आवश्यकताका नून, तेल, चिनी, सक्कर, जीरा, धनीया, मरीच, बेसार, मटितेल, बिडी, सिगरेट आदिको कारोबार हुन्थ्यो। सामान्य रूपको गहना व्यवसाय हुन्थ्यो। साहु महाजन कहा गहना बन्धकी राखी रूपैया उठाउने चलन थियो। शुरूमा सैलून तथा टेलर्स थिएनन्। घर-घरले खन (ठेकिएको अन्न) दिएर हजाम (नाई/ठाकुर), विश्वकर्मा(कामी) र दर्जी (सुजिकार) आदिको सेवा लिने परम्परा थियो। चर्मकार सडक पेटी तथा पसलको रूपमा पनि कारोबार गर्दथे। हटियामा अलग्गै माछा, मासु, मदिराको कारोबार पनि हुने गर्दथ्यो। सुतियार (बडई) ले आफ्ना काठका उत्पादन हाट बजारमा बेच्ने गर्दथे।

यो बजारको विकासका लागि बजारको उत्तरको पद्मप्रसाद कोइराला (गोपाल कोइरालाको बुबा) को ३० बिगाहा जग्गा लिनुका साथै बिराटनगर तर्फ अहिलेको बाटो समेत पर्ने १८ बिगाहा जमीन मनीमान श्रेष्ठज्यूको किनेर अहिले चौकबाट धरान जाने बाटो खोल्दा मोहनलाल राठी ज्यूको घर अगाडि रहेको ससरी कन्चनपुर निवासी महाबीर साहू र दलबहादुर बाँडा ज्यूको घर जग्गा किनेर भत्काएर अहिले चौक उत्तरको बजारको बाटो र बिराटनगर जाने बाटो सानेबाबुले आफनू नम्बरी जग्गामा खोलेर दिए। ६ महिनामा घर बनाउनेलाई पाँच कट्ठा जग्गा सित्तैमा दिने व्यवस्था गराउँदा पनि बजारको विकास हुन सकेको थिएन। तब बिराटनगर समेतका व्यापारीहरु संग संपर्क राखी

इनरुवा बजारमा आएर व्यापार संचालन गर्ने आग्रह भए पछि बजार व्यवस्थित भई क्रमिक रुपमा विकास हुँदै गयो। इनरुवा चौक (वर्तमान बजार)मा पहिले रामनगर भुटाहाबाट बाबुजी पोद्दार, झबर पोद्दार, थारुलाल, जगदीश बनीया, जगतलालहरु आएर ससाना किराना दोकान खोलेका थिए। मारवाड़ीमा सर्वप्रथम हजारीमल ब्राह्मण आउनुभयो। त्यसपछि मोहनलाल राठीजी, बुदरमल चितलांगियाजी, चम्पलाल जैन लगायत, बद्रीनारायण,जेठमल अटलजी लगायत, नारायण पञ्चारियाजी समेत र अन्य महानुभाव आउनु भएको हो। इनरुवामा लोहालक्कड़को र दवाईसमेत को पहिलो डिपार्टमेन्ट पसल संचालन गर्नू-हुने बुदरमल चितलांगिया नै हुनु हुन्थ्यो। हलवाईहरुमा नथुनी हलवाई सबभन्दा पहिले आएका हुन पछि बुन्नी हलवाई, प्रेम हलवाईहरु आएका हुन्। त्यसैगरी बैकुण्ठबाजे (सापकोटा), दलबहादुर बाँडा, मनीमान श्रेष्ठ, पद्मप्रसाद कोइराला, गजबहादुर श्रेष्ठ, जंङ्गे कामी, झर्क बहादुर श्रेष्ठ(गनु बाबु) ले घर बनाएर मील सिनेमा हल संचालन गरे पछि मात्र उत्तर तर्फको बजार विकास भएको हो। इनरुवा बजारको विकास एवं प्रचारका लागि विशेष व्यवस्था गरेर सिनेमा, रौता कंपनी को थियेटर (नौटंकी, मॉडर्न ग्रेट सर्कसहरु) ल्याएर ३ वर्ष लगातार महिना दिन लाग्ने मेला पनि संचालन गरीएको थियो। मानबहादुर श्रेष्ठ आदि पहिले बजार चौकमा आएर बस्ने व्यक्तिहरु हुन्। यसरी सुरू गरिएको व्यापार आज ठूलो बजार हुन पुगेको छ।

# 'सुनसरी' नदी र जिल्ला नामाकरण



सुनसरी नदी को विषयमा केही कुरा आवश्यक देखिएकाले लेख्न थालिएको छ। चारकोसे जंगलमा भगवान् रामले जलस्रोतकालागि धर्तीबाट पाताल गंगालाई सुनसरीको रुपमा प्रकट गरेको किम्बदन्ति रहेको छ । यो नदी भबको रुपमा निस्केको छ। धुनी जंगल पसेपछि रामचन्द्रले यसै नदीमा पाउ पखाली धुनी जगाएको हुँदा यो नदीलाई पवित्र गंगासरह मानी सुरसरि नामाकरण गरियो। सुर भनेको देवता भएकोले रामचन्द्र पनि ईश्वर भएको हुँदा यस नदीको नाम सुरसरि नामाकरण भयो। यो नदीमा स्नान गर्नाले रामचन्द्रको दर्शन गरेजस्तै फल प्राप्त हुन्छ भन्ने जनमानसमा विश्वास छ। सुरसरि भन्न जिब्रोमा अप्ठ्यारो भएकाले अपभ्रंश भई सुरसेर हुँदै सुनसरी भन्न थालिएको हो। कवि लक्ष्मीप्रसाद आचार्य (पथिक)ले राजा महेन्द्रलाई दौड़ाहाका क्रममा एउटा कविता सुनाएका थिएः

"सुनसरी झल्कन्छ, मोतिसरी टल्कन्छ;
धानको बाला हेर्नलाई मन मेरो कल्पन्छ।"

यस लोकप्रिय वाक्यांशबाट प्रेरित हुँदै राजा महेन्द्रले मोरङ र सप्तरीका केही भाग मिलाएर "सुनसरी" जिल्ला गठन गरेका थिए। प्राचीनकालमा यस क्षेत्रलाई "सुसेर" भनेर चिनिन्थ्यो, जसको नाम कालान्तरमा परिवर्तन भई "सुनसरी" रहन गयो।

यसै नदीको नामबाट “सुनसरी” भन्ने साहित्यिक पत्रिका प्रकाशित हुने गर्दथ्यो। पत्रिकाको खबर सबैतिर गुञ्जायमान भएपछि राजा महेन्द्रबाट जिल्ला छुट्टाउने र जिल्लाको नाम "सुनसरी" नै नामाकरण गर्ने हुकुम भयो। पहिले विशाल रूपको सुनसरी तर्न नाउको प्रयोग हुने गर्दथ्यो, डोरीको सहाराले मान्छे तारने काम हुन्थ्यो, पछि बांसको चचरी- लकडीको पुल बनाईयो। भारतको सहयोगमा पूर्व पश्चिम जोडने महेंद्र राजमार्ग बन्दा पक्की पुलको बनेको हो। हाल सुनसरी नदी प्रदूषणको चपेटामा परेर निस्सासिने अवस्थामा पुगिरहेको छ। पवित्र सुनसरी संरक्षणको उद्देश्यले जनचेतना जगाउन वि.सं. २०७६ देखि कार्तिक पूर्णिमाका दिन राजमार्ग सुनसरी पुलको दक्षिण पट्टि भव्य सुनसरी आरतीको कार्यक्रम नमामि सुरसरिको आयोजन सनातन कुटुम्ब नेपाल नामको समूहले गर्दै आएको छ ।

## इनरूवाको नामाकरण कसरी भयो?

यो विशाल जंगल पहिले मोरङ्ग जिल्ला अर्न्तगत प्रगन्ना भालाभलेनी क्षेत्र भित्र पर्दथ्यो। साविक फडानी भएका आवादी जस्तै चाँदवेला, भादगाउँ सिनवारी, बनीगामा आदि भालाभलिनीमै

परेकोले यो जङ्गल पनि त्यसै अन्तर्गत पर्दथ्यो। यो पछि आएर जङ्गल भित्र इनार भेटिएकोले यहाँ बसोबास गर्नेलाई बाहिर बस्नेले इनारवाला भनेकोले अपभ्रंश भई इनरूवा भएको हो। सबै त्यहाँको बासिन्दाको जग्गा फाड्दा पाटै पाटा पारेर बाँडौं भन्ने सल्लाह भएकोले पाटा भयो। यसै किसिमबाट झोडी झाडेर झोडा भएकोले यसको नाम इनरूवा झोडा भएको हो। त्यसैले इनरुवालाई इनरुवा झोडापाटा भनियो। केही वर्ष अघिसम्म इनरूवाको मुख्य बजार को सेरोफेरोमा सार्वजनिक एवं निजी क्षेत्रमा अनेकौं इनार रहेका थिए। हाल एकमात्र इनार श्री भगवती मंदिर को प्राङ्गणमा संरक्षणको पर्खाइमा रहेको छ।

दोस्रो तर्फ, सिराहाका निवासी कुलदीप गिरी आफ्ना बैलगाडी लिएर चाँदवेला आउने क्रममा स्थानीय ठाकुरहरूको बारी तथा सिमसारयुक्त ठाउँमा गढी राखेर गोरुहरूलाई पानी खुवाउन पानीको स्रोत खोज्दै जाँदा पुरानो इनार फेला पर्यो। त्यस क्षेत्रलाई "इनार बा" भनेर चिनिन थालियो। समयक्रममा, यसै शब्दको अपभ्रंश भई यस स्थानको नाम "इनरुवा" रहन गएको भन्ने जनश्रुति पनि रहिआएको छ।

तेस्रो तर्फ, टोली प्रमुखका रूपमा इनरुवा ३७ नं झोडा आएका इन्सपेक्टर नरबहादुर र कर्मचारी इन्द्रबहादुर खटिएकाले स्थानीयले बोलचालमा 'इन्द्रवा' वा 'इनरवा' भन्न थालेका हुन सक्छन्। यहीबाट 'इनरुवा' नाम रहन गएको जनश्रुति पनि प्रचलित छ।

## सुनसरी जिल्ला र इनरुवा सदरमुकाम कसरी भयो?

सुनसरी नाम राखी सदरमुकाम कोही भुटाहा भन्ने, कोही इटहरी भन्ने, कोही धरान भन्ने हुँदा भुटाहा तोकिएको र सरकारी भवनहरु समेत भुटाहामा बनेकोले राजा महेन्द्रलाई सानेबाबुले "सरकार उत्तरका जनता त्यहाँ पुग्न बाटो घाटोको व्यवस्था छैन, त्यहाँको भाषा बुझ्दैनन्, बोर्डरको निकट पर्दछ" भनी बिन्ती चढाई सुनसरीको सदरमुकाम इनरुवामा ल्याए।

# चाडपर्व

झोडा फडानी भएर बसोबास बढ्ने क्रममा थियो। झोडा खोल्ने क्रममा हिन्दूहरुको बाहुल्य थियो। अहिले आएर सम्पूर्ण जातजाति, भाषाभाषी, विभिन्न धर्मावलम्बीहरु भएर आ-आफ्नो चाडपर्व हर्षोल्लासकासाथ मनाउँने गर्दछन्। जस्तैः बैसाख ८ को सिरुवा मेला, दशैं, तिहार, छैठ, रामनवमी, कुशेऔंशी, तीज, विवाह पञ्चमी, माघेसंक्राति, कृष्ण जन्माष्टमी, इद, क्रिसमस, नाग पञ्चमी, जनैपूर्णिमा, आदि रहेका छन्। झोडा फडानीका क्रममा झोडा बासीहरूको आर्थिक अवस्था निकै कमजोर थियो। चाडपर्व मनाउँदा सबैले आ-आफ्नो गच्छेअनुसार राम्रोसँग मनाउँथे। दशैंमा रोटे पिङ्ग, तिहारमा भैलोदेउसी, फागुमा जोगिरा सर सर आकर्षणका केन्द्र हुन्थे। यी चलन अहिले पनि झिणो रूपमा कायम नै छन्। समयमा पानी नपर्दा संसारी माईको विशेष पूजा गरिन्थ्यो, घर घर गई पानीका लागि महादेव गुहार्नमा ठूला बडा समेत सामान्यजनले भाग लिन्थे। दशैंमा राम्रा-राम्रा लुगा लगाएर, मिठो खाना खाएर मान्यजनबाट टीका लगाउने चलन थियो। दशैंमा जिम्मेवालबाट पनि टीका लगाउने चलन थियो।

दशैं, अनन्त चतुर्दशी, कार्तिक मेलामा माटाका मूर्ति बनाई विशेष पूजा आजा गरिने चलन न्यून रूपमा भए पनि हालसम्म कायम छ। मधेसी मूलमा मूर्तिपूजा, विवाह, मुण्डन आदिमा महिलाहरूले मंगलगान गर्दथे। ठूलो एकादशी (निर्जला) एवं देवोत्थनी (कार्तिक शुक्ल) एकादशीमा कलशमा जल भरेर

मन्दिर धाउनेको लर्को हुन्थ्यो। ऋषि तर्पणी (जनै पूर्णिमा), तीज, ऋषि पन्चमीमा सुनसरी स्नान गरी नृत्य गर्दै भजन गाउनेको लर्को हुन्थ्यो। जितीया, कर्माधर्मा, सिरूवा, अनन्त, चौठिचाँद, माघी, घडी पावन आदि परम्परागत पहिरन एवं खानपानका साथ उमंग उत्साहले मनाइन्थ्यो ।भाकल गरेकोमा अष्टजाम कीर्तन गराउने चलन थियो। सत्यनारायण पूजा, तीर्थ भोज, रुद्री, चण्डीको पूजा गरिन्थ्यो। बर पिपलको विवाह गराउने चलन थियो। मारवाडी तथा मधेश मूलकाले फागु पूर्णिमामा साइत देखाई चिरत्थान गरेर (थम गाडी) चिरदाह(होलिका दहण )गर्ने चलन थियो। भोली पल्ट डफ बजाउँदै भजन गाउँदै होली खेल्ने चलन विशेष रुपमा मारवाडी समुदायमा आज पनि कायम नै छ ।

तिहारमा सबैले आ-आफनो घर वरिपरि सरसफाई गरेर चिटिक्क पार्थे। लक्ष्मीको पूजा गरिन्थ्यो र खानेकुरामा अर्सा, अनर्सा, मनभोग, पत्रे, सेलरोटी, कुराउँनी, खजुरी, निम्की आदि घरमै बनाउने चलन थियो र सो चलन आजसम्म कुनै न कुनै रुपमा चलिआएको छ। तिहारमा जुवा खेलाउँने चलन थियो। जुवा खेल्न भारतबाट ठुला व्यापारीहरु आउने गर्दथे। दिदी-बहिनीले दाजुभाईलाई टीका लगाउने चलन चलिआइरहेको छ। आजभोलि किसिम किसिमको फलफूल, वस्त्र, उपहारको व्यवस्था गरिन्छ। जनै पूर्णिमाको अघिल्लो दिन एक छाक बसी चोखो नितो गरेर राती दर खाएर सुत्ने चलन अझै छदैछ। बिहानै उठेर गुरुजन शंख घण्ट बजाउँदै सबै ब्राम्हण क्षेत्रीलाई उठाउदै आउँनुहुन्थ्यो। सबै भेला भएर सुनसरी नदीमा वेदोक्त ऋचा

पढेर कुश, गोबर, खरानी, अपमार्ग प्रयोग गर्दै स्नान गरेर शिव मन्दिरमा गई रुद्रि पाठ गरिन्थ्यो। मन्त्रेको जनै र रक्षाबन्धन गुरुका हातबाट लिएर घर जाने चलन थियो। अनि क्वाँटी बनाएर खाइन्थ्यो। यसैगरी हिजोको दिनमा चाडपर्व मनाइन्थ्यो। शारदीय नवरात्रको प्रारम्भ देखि जमिन्दारका तर्फबाट चमार बन्धुले हरेकका घर अगाडी ढोल बजाउँदथे। विवाह उत्सव आदिमा पन्चे बाजा, ढोल पन्चेबाजाका मंगल ध्वनि गुंजायमान हुन्थ्यो। पछि लाउडस्पीकर पनि बजाउन थालियो। बैंडबाजा (अंग्रेजी बाजा) को चलन निकै पछि आयो। शुरूमा मुख्य रूपमा बनीया समुदायले मात्र छठ मनाउदथे जुन अब सबै समुदायको पर्वको रूपमा भव्यताका साथ मनाइन थालिएको छ। बर्षको पहिलो दिन(सिरूवा) बडा बुढाले सबै बालबच्चाको शिरमा राती कलशमा राखिएको पानी मंगल वचनका साथ हातले छ्याप्ने गर्दथे ।

विशेषगरी थारु समुदाय सामाचखेवा, सलेस लाटी माई, डिहीबर थान, र माघी पर्वलाई विशेष महत्त्वका साथ मनाउँछन्। झाँगड समुदायले कर्माधर्मा पर्व भदौ-असोज महिनामा मनाउने गर्दछन्। यस अवसरमा उनीहरू मृदंग बाजा बजाउँदै नाचगान गर्छन्। त्यसैगरी, मुसहर समुदायमा डालि माग्दै पानी पूजाको परम्परा रहेको पाइन्छ। यी चाडपर्वहरूले तराईका विभिन्न समुदायहरूको सांस्कृतिक पहिचान झल्काउने गर्दछन्।

# आर्थिक

जग्गा फडानीको अवस्थामा यहाँको अर्थतन्त्र अति नै कमजोर थियो। यहाँका बासिन्दाहरुको आयस्रोत भनेको पशु पालन र खेती थियो। पशुमा गाइ, गोरु, भैसी, बाख्रा, सुँगुर आदि थिए। पाडा, बाच्छा बेचेर दुध चामलसँग साटेर निर्वाह गर्दथे। धान खेती गर्दा हरिण, घोडा, गधा, बाँदर आदि अति नै लाग्ने हुदाँ राम्रो बाली फस्टाउन पाउदैन थियो। आकाशे पानीको भरमा खेती गरिन्थ्यो पछि पैनी नहरको व्यवस्था भयो। खेत जोत्न हलो गोरूको प्रयोग हुन्थ्यो। खेतबारीमा रसायनिक खाद प्रचलनमा आएको थिएन। किसानले आफूलाई चाहिने बर्ष भरिको खाद्यान्न र बीउ भकारीमा सुरक्षित राख्दथे। धान, मकै खेती गर्न रुखका जरा, झाडी आदिले जोत्न सकिदैनथ्यो। त्यसो हुँदा खनीखोस्री रोपेको बाली बाँदर, हरिण, घोडगधा आदिबाट बचेको प्रति विघा ८/१० मन मात्र उब्जा लिन सकिन्थ्यो। त्यसमा पनि लगाएको बाली भन्दा झाडी छिटो बढ्ने गर्दथ्यो। अरु स्रोत झोडाबासीको थिएन। त्यसै कारण कतिपय बस्न नसकी आसाम  वा अन्तै फर्किए। नगदे बालीको रुपमा पटुवा(पाटा) खेती गरिन्थयो। बेला बेला कृषि प्रदर्शनी पनि हुने गर्दथ्यो।

# खेलकूद

कबडी, कुश्ती, भेडीगाँठो, चोर पुलिस, तीती, बाघचाल, पिट्टो, डण्डी बियो, गुच्चा, पौडी, कौडी, रूखदुम,लाप्पा(कुस्ती) आदि खेलिन्थे। पछि हाइजम्प, लोंगजम्प, फुटबल खेलिन्थ्यो। पछि बास्केटबॉल, ब्याडमिन्टन आदि खेल्ने चलन आयो।

# धार्मिक

## बैष्णवी भगवती मन्दिर, ईनरूवा-१, सुनसरी



यो मन्दिर परापूर्वकालमा कुनै युगमा कसैले बनाएको हुनुपर्दछ। कालन्तरमा पृथ्वीमा आएको प्राकृतिक प्रकोपले मन्दिर पनि ध्वस्त भएको हुनुपर्दछ। सबैभन्दा माथि, उठेको ढिस्को, त्यसमाथि ठूला-ठूला रुख, बीचको सबैभन्दा विशाल ठूलो रुख त्यसलाई भोर्लाको ठूलो लहराले घेरेको वरिपरि बाघ लुक्ने झोक्री देखेर यो सबै भगवतीले आफू बस्ने र आफ्नो बाहन बस्ने ठाउँ बनाएको जस्तो भान हुन्थ्यो। ठेकेदार धनबहादुर श्रेष्ठले ललाई फकाई ल्याएका जनता हिंस्रक जनावरदेखि डराएर भाग्न थालेपछि चिन्तित भएर बालकुमारी श्रेष्ठले (ठेकेदार साहेबकी श्रीमती) धामी सिद्धिनारायण श्रेष्ठ काहाँ गएर जोखाना देखाउँदा "तिमीहरु नडराउ त्यहाँ वैष्णवी देविको बासस्थान छ पत्ता लगाई पूजाआजा गर। तिमी सबैको रक्षा हुनेछ।" तिमी

पनि भू-पति हुनेछौ भनेपछि सबैसँग सल्लाह गर्दा धामीबाट मात्र पत्ता लगाउन सम्भव छ भनेर सल्लाह भयो। अहिलेको मन्दिर रहेको स्थानतिर रातको १२/१ बजे अचम्मका अनुभूति हुन्थ्यो। कहिले मीठो सङ्गीतको मधुर धुन सुनिन्थ्यो, कहिले बाजा र घण्टाको आवाज गुञ्जिन्थ्यो। कतिले त सेतो घोडा देखेको दाबी पनि गरे, र घोडाको टापको आवाज रथ बलाहातिर जाँदै गरेको झल्को दिन्थ्यो। यी अद्भुत घटनाहरूको अनुभव गर्दै जाँदा, धामीले पहिले नै भनेको कुराको स्मरण भयो। यही आधारमा खोजी गरिँदै जाँदा अन्ततः अहिलेको मन्दिर रहेको पवित्र स्थल फेला पारियो। त्यसपछि धरान गएर ख्याति प्राप्त बुढीबजु खेलाउने सिद्धिनारायण श्रेष्ठलाई ल्याइ धामी बसाउँदा धामी काम्दै-काम्दै कोदालो बोकेर अगाडि हिडेपछि, पछि-पछि अरु जनता त्यसै भयानक झाडी भित्र धामी पसेको हुँदा केही जनता बाहिर केही जनता भित्र गई धामीले कोदालोले खन्दा ५\६ वटा त्रिशुल, पद्म चिन्ह भएको इट्टा र नचिनिने खालको मूर्ति समेत भेटिएको थियो। सो भेटिएको पद्म चिन्ह भएको इट्टा आज पनि मन्दिरको पश्चिम फर्केको मूल ढोकामा जडान भएको छ। मूर्तिको हकमा मन्दिरमा चोरी हुँदा सो मूर्ति समेत चोरी भएको र पछि काशीबाट ल्याइएका मूर्ति हालसम्म दिब्यरुपमा मन्दिरमा रहेका छन् ।

विराटनगर मालपोत दाखिला प्रकरणमा रकम हिनामिना भएपछि ठेकेदार धनबहादुर श्रेष्ठको सम्मानमा पर्न गएको आघातले भारतको बंगाल पलायन पछि पुनः धरान(नेपाल) आगमण तथा भगवती माता मंदिर स्थापनाको प्रसंग स्व.दिलबहादुर श्रेष्ठ

(सानेबाबु) को स्मृति ग्रन्थ २०७४ तथा देविथानमा स्थापित शिलालेखमा र प्रस्तुत इनरूवा को नालीबेली पुस्तकमा केही भिन्न रूपमा प्रस्तुत भएतापनि देवि मंदिर स्थापनामा दैविक शक्तिको निर्देश पक्का रहेको विश्वास गरिन्छ ।

वि.सं.१९८९ मा मन्दिर स्थापना भएको हो। यसमा एक जना बाबाजीलाई धूप बत्ती गर्न राखेकोमा, धूप बत्ती गर्न जाँदा बाघ देखेर उनी भागे। त्यसपछि (म) देवि प्र. खतिवडा लाई, कुमार भएकाले थपना राखेर मामा गणेश प्र. भट्टराई र मामा फणिराज भट्टराईले मलाई पूजा विधि सिकाई पूजा गर्न सक्ने भएपछि मामाहरूले छाडी स्थायीरुपमा पूजा गर्न थालें। सो अवधिमा मलाई सानो पुजारी देखेर मित्रलाल पोखरेलज्यूले मलाई सहारा दिने, सँगै जाने, फूल टिपिदिने र सबै काममा सहयोग गर्नु हुन्थ्यो। त्यसरी म पूजा गर्दथें। दुई वर्ष जति प्रभुनाथ ढुङगानाले पूजाआजा गर्नुभयो। २०१६ सालदेखि इनरूवा-३ निवासी गोपालप्रसाद काफ्ले र पछि निजका जेठा सुपुत्र बासुदेव काफ्लेले आजका मितिसम्म अविछिन्न रूपमा पूजाआजा गर्दै आउनु भएको छ।

यो मन्दिर २०४५ सालको भूकम्पले बिगारेको थियो। यसलाई जीर्णोद्धार गरेर बनाइयो। बाघ लुक्ने झाडी उत्खनन गरी स—सानोदेखि वर्तमान स्थिति सम्मको मन्दिर प्राङ्गण जमिन्दार धन ब. श्रेष्ठ एवं उनका छोराहरु, नाति, नातिनी, नातिनीज्वाई लगायत परिवार सबै मिलेर बनाएका हुन र हालसम्म पनि मन्दिर सम्बन्धी सम्पूर्ण खर्च यिनैले

बेहोर्दै आएका छन् । यो मन्दिर वैष्णवी देविको भएकाले यहाँ पशुपंक्षीको बलि चढ्दैन ।यस मन्दिरमा पूर्ण रूपले शाकाहारी भोग लाग्ने गर्दछ।यस मन्दिरमा भगवती देविको दर्शन गर्न टाढाटाढादेखि भक्तजनहरू आउने गर्दछन्।यस स्थानमा देवि साक्षात भएकाले आराधना गर्दा मनोकामना पूर्ण हुने जनविश्वास छ।बैशाख ८ गते शिरुवा मेला लाग्ने गर्दछ।देविको आराधना गर्न दशैंको १० दिन भीड हुने गर्दछ।प्राकृतिक रुपमा उत्पन्न भएकी देविको आरधना गर्दा मनोकामना पुरा गर्दछिन् भन्ने जनविश्वास रहेको छ।

## शिवालय मन्दिर, इनरूवा-१, सुनसरी



बालकुमारी सुवेदीको सन्तान नभएको र निजले सपनामा शिवजीको मन्दिर बनाऊ भन्ने देखेकोले २००३ साल तिर शिवालय मन्दिर निर्माण भएको हो।सो मन्दिरको नामाकरण गर्दा बालकुमारीले बनाएको हुँदा बालेश्वर शिव मन्दिर रहन गएको हो।यसका पहिलो पुजारी रघुनाथ अधिकारी थिए।सो मन्दिरमा श्रावण महिनाको सोमबार जल चढाउने र ब्रत बस्ने

अनि शिवरात्रीमा विशेष उत्सव गरी भक्तजनहरूको घुँईचो लाग्ने गर्दछ। यसमा दुई विघा जग्गा समेत बालकुमारी सुवेदीले गुठीमा राखी दिएकी थिइन । हाल सो मन्दिर जीर्णोद्वार गरेर समितिले चलाई आएको छ।

## सत्यनारायण मन्दिर

यो मन्दिर २०२५ सालमा स्थापना भएको हो। यो मन्दिर निर्माण गर्न मुख्य रुपमा मोहनलाल राठीको नेतृत्वमा मारवाडी समुदाय लागेर जनतासँग सहयोग उठाएर निर्माण सम्पन्न भएको हो। रघुनन्दन मेहताद्वारा भूमि दान गरिएको हो। जनताको सहयोगले प्रतिदिन बाह्मणद्वारा पाठ पूजा गरिदै आएको छ। यो मन्दिरमा पनि भक्तालुजनको आस्था रहेको छ। यस मन्दिरमा लक्ष्मीनारायणको पूजा गरिन्छ। यस मन्दिरमा कृष्ण अष्टमीका दिन ठूलो समूहद्वारा झुला-झुलाइन्छ। सत्यनारायण अन्तर्गतको श्री भवनको जग्गा दाता स्व. देविलाल, मोतीलाल चितलांगीय परिवार रहेको छ ।

## राधाकृष्ण मन्दिर, महेन्द्रचौक

यो मन्दिरको जग्गा दाता पशुपति निरौला हुन्। यो मन्दिर बनाउनमा लक्ष्मी प्र. दाहाल (न्यासी) र पशुपति निरौलाको अथक परिश्रम भई जनताबाट चन्दा उठाई बनेको हो। यो मन्दिर मिति २०२७ सालमा बनेको हो। यहाँ दैनिक बाह्मणद्वारा पूजाआजा गरिन्छ। यहाँ पनि भक्तालुजनहरूको आकर्षण छ। कृष्ण अष्टमीमा भीडभाडका साथ विशेष पूजापाठ गरिन्छ र भव्य रथयात्रा गरिन्छ।

## मस्जिद

इनरूवा भित्र ठूला तीन-चारवटा मस्जिद छन्। २०३५साल मंसिर ११ गते तेतरी खातुनले(गुलाब खाँको हजुरआमा) जग्गा दिई विहिवारे छेउको मस्जिद बनेको हो।यहाँ इस्लाम धर्मावलम्बीहरूले नवाज पढ्ने गर्दछन् ।शुक्रबार विशेष भिडका साथ नवाज पढिन्छ।यी मस्जिदहरू इस्लाम धर्मवालाको सहायताबाट बनेको हो।यहाँ विद्यालय(मदरसा) पनि चलेको छ।मुख्य चाडपर्वहरुमा रमजान, बकरीईद आदि मनाउने गर्दछन्।

## रामजानकी मन्दिर, इनरुवा-१

यो मन्दिरको जग्गा अजोदी यादवबाट सात कठ्ठा र मुसरू यादवबाट ३ कठ्ठा समेत प्राप्त भएको भन्ने जनचर्चा पाइएको छ।मिति २०४७ साल पुष २४ गते सम्माननीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईज्यू द्वारा यसको शिलान्यास गरिएको हो।मिति २०६८ साल वैशाख १६गते भागवत भूषण श्रीमद्‌भागवताचार्य साहित्य शास्त्री पंडित चित्र शास्त्रीज्यूद्वारा समुद्‌घाटन कार्यक्रम सम्पन्न भएको हो।बाह्मणद्वारा प्रत्येक दिन पूजाआजा गरिन्छ।यहाँ जिल्लाकै ठूलो गुद्री(हाँट),घरभाडा, हटिया बजार आदिबाट आम्दानी हुने गर्दछ।विवाह पन्चमीको दिन रथयात्रा निकाल्ने र नगर परिक्रमा गराउने गरिन्छ।

### अन्य देवस्थलहरु

लक्ष्मीनारायण मन्दिर, इनरुवा-२

भगवती मन्दिर-बिहिबारे, इनरुवा-२

राममन्दिर(रघुनन्दन मन्दिर)-साविक इनरुवा-०८
काली मन्दिर- बबिया, इनरुवा-९
हनुमान मन्दिर, इनरुवा-२ (नहर छेउ)
हनुमान मन्दिर, इनरुवा-४ (सुनसरी छेउ)
चित्रगुप्त मन्दिर, इनरुवा-२(नहर छेउ)
शिव बैष्णव मन्दिर-बलाहा, इनरुवा-५
राम मन्दिर-बलाहा, इनरुवा-५
बुढा बाजे मंदिर, मगरटोल इनरूवा -२
लाटी माई स्थान, बलाहा, इनरुवा-५
राजाजी डिहबर, साबिक इनरूवा- ८ र ६
शनि मंदिर, भगवतीस्थान परिसरमा, इनरुवा-१
सिद्धि विनायक मंदिर (बजारमा दशैंको दुर्गा मूर्ति बन्ने ठाँऊ)
आदि इत्यादि ।

# जंगलकालिन देवस्थल एवं पोखरी

## १) भगवती मन्दिर (वैष्णवी भगवती देवि मन्दिर)

यस विषयको उल्लेख धार्मिक पाठ अन्तर्गत रहेको छ।

## २) सुरदासा पोखरी

सुरदासा पोखरी यो पोखरी जङ्गल भित्रै देखिएको हो। यहाँ भयानक जङ्गल थियो। यो जङ्गलको बीचमा रहेको पोखरीको डिलमा एउटा झोपडी बनाई एक जना जोगी बस्दथे। सो जोगी सुरदास थिए। यी सुरदास जोगी दाम्ला बाटी आवादी तर्फ लगेर बेच्दथे। त्यही दाम्ला बेचेको आम्दानीले जीविका चलाउथे। आम्दानीमा कसैले पैसा, कसैले चामल दिएर किनिदिन्थे। सोही कारणले फाटमा बस्नेहरूले पोखरीको नाम सुरदासा राखिएको हो। यसमा त्यहाँका मानिसको र सुरदाशको भनाई अनुसार राती १२ बजे घण्टी शंख बज्दथ्यो अरे। राती त्यहाँ जान मान्छे डराउथे। सो पोखरी हाल रहेको पूर्व-पश्मि राजमार्गको दक्षिण तर्फ, सखुवागाछी भन्दा पूर्व थियो। हाल त्यो पोखरी मरणासन अवस्थामा संरक्षणको पर्खाइमा रहेको छ।

## ३) बलाहा कमल पोखरी

यो पोखरी गडनको छेऊमा थियो। त्यसमा पनि जङ्गलको कारण र दैविक शक्ति भएको पोखरी भएकाले मानिस जान डराउथे। हाल यो देखिदैन। यहाँ कमल पनि फुल्ने गर्दथ्यो।

४) वर्तमान इनरूवा -४ मा रहेको बेचन मांझी र मेरो (लेखक स्वयं कै) जग्गाको सांधमा रहेको माटोको ठूलो ढिस्को खन्दा पूरिएर रहेको तर कोदालोको चोटले खण्डित भएको प्राचीन

मूर्ति इनरुवा-१ बालेश्वर मन्दिरमा राखिएको थियो। हाल कहाँ छ थाहा भएको छैन।

## पछि बनेका पोखरीहरुः

- बबिया पोखरी
- रघुनन्दन पोखरी

## इनरुवाका प्रधानपञ्च तथा मेयरहरू;

कृष्ण प्रधान (प्र.प.)
दधिराम पराजुली (प्र.प.)
कर्णसिंह मगर (प्र.प.)
गुणनिधि पोखरेल (प्र.प.)
अरविन्द्र मेहता (प्र.प. र मेयर)
भरत सुवेदी (मेयर)
गोपाल कोइराला(मेयर)
होम ब. राणामगर(मेयर)
खेमराज पोखरेल (मेयर)
राजन मेहता (मेयर)
केदार भण्डारी (मेयर)

**नोटः नाम तलमाथि भएमा क्षमा प्रार्थी छौं।**

## इनरूवा नगरपालिकाको स्थानीय संरचना र विकासक्रम - एक दृष्टिमा

वि.सं.१९८८ मा विकट जङ्गल रहेको यो क्षेत्र आबाद हुन प्रारम्भ भयो। ठेकेदार धनबहादुर श्रेष्ठ यहाँका जमिन्दार कायम गरिनु भयो। वि.सं. २००७ सालभन्दा पहिले साधारण झैं झगडा मिलाउने, सरसफाई गर्न लगाउने, हाट बजार

व्यवस्थापन, चाडपर्वमा उपयुक्त प्रबन्ध, आपदा प्रबंधन आदि कार्य जमिन्दारले गर्दथे। वि.सं. २००७ पछि विभिन्न समयमा संविधान बने तापनि जमिन्दारी जस्ताको त्यस्तै रहयो। वि. सं. २०११ मा महेन्द्र राजा भए, वि.सं. २०१३ मा उनको राज्याभिषेक पछि वि.सं. २०१९ मा नयाँ संविधान बनाई पन्चायती व्यवस्था लागु गरियो। वि.सं. २०२१ मङसिर १ गते जमिन्दारी, किपट व्यवस्था उन्मूलन गरी सो अधिकार जनअनुमोदनबाट गठित स्थानीय समूहलाई सुम्पियो। पन्चायती व्यवस्था लागु भएपछि प्रारंभिक चरणमा स्थानीय वासिन्दाको भेला मध्येबाट १ जना प्रधानपन्च, १ जना उपप्रधानपन्च र ९ जना सदस्य चयन गरिन्थ्यो। चयन प्रक्रिया निकै सरल थियो, मन्चबाट प्रस्तावित नामलाई उपस्थित जनसमुदायबाट अनुमोदित गराई निर्वाचित घोषित गरिन्थ्यो। त्यस समयमा जनप्रतिनिधिलाई कुनै भत्ता वा सुविधा उपलब्ध थिएन। भवन समेत नभएकाले सम्पूर्ण प्रशासनिक कामकाजका लागि एक जना गांऊ विकास समिति सचिव (गाविस सचिव) र एक जना पिउन सरहको कर्मचारी रहन्थे। यिनको तलब तत्कालीन श्री ५ को सरकारबाट हुने गर्दथ्यो। पन्चायतमा कुनै स्थायी आयस्रोत पनि थिएन। पन्चायतको काम प्रधानपन्च कै घरबाट हुन्थ्यो। पछि प्रत्यक्ष निर्वाचन पद्धति अनुसार जनप्रतिनिधिको चयन प्रक्रिया सुचारू भयो । जनघनत्वका आधारमा पन्चायतको संरचना फरक फरक हुन्थ्यो, यसैका आधारमा गाउँ पन्चायत, नगर पन्चायतको गठन हुन्थ्यो। नगर पन्चायतमा अधिकृत तहको कर्मचारी हुने गर्दथ्यो।

इनरूवा नगरपालिका नेपालको कोशी प्रदेश अन्तर्गत

सुनसरी जिल्लाको सदरमुकाममा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल ७७•९२ वर्ग कि.मी. रहेको छ। इनरूवा सुनसरी वि.सं. २०४३मा नगर पन्चायत र हाल नगर पालिकाको रूपमा रहेको छ ।इनरूवा नगरपालिका भित्र बहुभाषी,बहुधार्मिक जनसमूहको बसोबास रहेको छ। यिनमा लगभग ८० प्रतिशत हिन्दु र बांकीमा अन्य समुदाय रहेका छुन। यहाँ नेपाली, मैथिली, थारू, ककडू, मारवाडी, उर्दु आदि भाषा बोलिन्छुन। इनरूवाको जनसंख्या लगभग ७५ हजार रहेको छ। वि.सं. २०७४ सालमा तत्कालीन गाँउ पन्चायत र नगर पन्चायतलाई क्रमशः गाउँ पालिका र नगर पालिका नामाकरण गरियो ।स्थानीय तहको अधिकार क्षेत्र बढ्यो। प्रधानपन्चलाई नगर प्रमुखको रूपमा चिनारी मिल्यो। आम्दानीका स्रोतहरू पनि विस्तार गरिए- मालपोत, घर कर र अन्य स्थानीय कर तथा शुल्कबाट प्राप्त रकममा नगरपालिकाको हिस्सेदारी कायम भयो। यसरी पन्चायतकालदेखि शुरू भएको स्थानीय शासन संरचना क्रमशः आधुनिक नगरपालिकाको वर्तमान स्वरूपमा परिवर्तित भएको हो ।

अनुसुची -१

**(क) जंगलकाल(वि. सं. १९८८) को सेरोफेरोमा आउनु भएका केही महानुभावहरूको नामावली-**

धनबहादुर श्रेष्ठ (होमबहादुर, दिलबहादुर श्रेष्ठका बुबा ) परिवार सहित

होमबहादुर श्रेष्ठ, 'ठूलो बाबु' (रमेश, राजा, किरण श्रेष्ठका बुबा)

दिलबहादुर श्रेष्ठ, 'साने बाबु' (विजय, सिनेट, क्याबिनेट श्रेष्ठका बुबा)

पद्मप्रसाद कोइराला (टिकाराम, निर प्रसाद, रामप्रसाद, पुण्य प्रसाद, गोपाल कोइरालाका बुबा)

विष्णुभक्त भट्टराई (पं. फणिराज भट्टराईका बुबा, जयन्त प्रमोदका हजूर बुबा)

गणेश प्रसाद भट्टराई (इनु भट्टराईका हजूर बुबा )

देविचरण भट्टराई (राजकुमार, छविलालका बुबा)

गजाधर बराल (मन्जु कोइरालाका बुबा)

टीकाराम तिवारी

कनक सिंह मरीचमान' आले (प्रकाश, छत्रबहादुरका बुबा)

धनवीर आले (राधा आलेका बुबा)

नर बहादुर मुरूङजय (कर्णसिंहका बुबा, हिमालका हजूरबुबा)

टेक बहादुर राणा मगर (नवीन राणाका बुबा)

पद्म बहादुर बलंपाकी `जन्तरे'

मंगल सिंह बलंपाकी (मनोहरका हजूर बुबा)

चन्द्र वीर (जंगली) दाहाल (कुमारका बुबा)

पं. हरि प्रसाद घिमिरे(महाकवि लक्ष्मी प्रसाद देवकोटाका समधी)

बाल कुमारी सुवेदी
श्रीप्रसाद भण्डारी (दण्डपाणि, केदार भण्डारी - नगर प्रमुखका बुबा)
विष्णु प्र.भण्डारी (माधव भण्डारीको बुबा )
कृष्ण प्र. भण्डारी (डमरूवल्लभ भण्डारीको बुबा)
ओमप्रकाश भण्डारी (खोमराजको बुबा)
हरि प्र. भण्डारी (राजकुमारको बुबा)
जंग बहादुर विश्वकर्मा (हरिको हजूर बुबा)
पहलमान श्रेष्ठ (डुमरेली कान्छा) (नरबहादुरका बुबा)
हजारी ठाकुर ब्राह्मण (छगन शर्माका बुबा)
गंगा प्रसाद घिमिरे (मुरारी, पुष्कर घिमिरेका बुबा)
देविप्रसाद सुवेदी(श्याम, बसन्तका बुबा)

- जंगल फडानीका क्रममा खाना बनाउन ल्याइएकाहरूमा-

सुभद्रा देवि मगर (विनोद थापाको हजूर आमा)
भद्री कालीकोटे मगर
चन्द्रमाया मगर (सुमी राणा मगरको हजूर आमा)
अन्य ५/७ जना युवाहरू

**ख) झोडा फडानी कै क्रममा वि.सं. २००७ को सेरोफेरोमा इनरूवा बसोबास गर्न आउनु भएका केही महानुभावहरू-**

बिकु चौधरी (जत्रु चौधरीको बुबा)
शालिग्राम राठी (निसंतान, हाल दिक्षित निवास भएको ठाँऊ)
रामप्रसाद खतिवडा (हरि खतिवडाका बुबा)
वृन्दा देवि खतिवडा (यस पुस्तकका लेखक देवि प्रसाद

खतिवडाकी आमा)
सुबेदार भीम बहादुर श्रेष्ठ- पटवारी (डा.गोविंद बहादुर, सुरेश श्रेष्ठका बुबा)
गणपति काफ्ले (गोपालप्रसाद काफ्लेका बुबा,बासुदेव, बिकासका हजुरबुबा)
पूर्ण बहादुर लिम्बु (तम्मर खोले)
चन्द्रबहादुर कुंवर (केदार कुंवरका हजूर बुबा)
सिद्धिराज्य शाक्य (दिल बहादुर शाक्यका बुबा)
धनबहादुर श्रेष्ठ (हेमलालका बुबा)
मोहनलाल राठी (भँवरलाल राठीका बुबा)
बुदरमल चितलांगिया (मोतीलाल कन्नुलाल चितलांगियाका बुबा)
चतुरभुज मारवाडी
नारायण पंचारिया (कैलाशका बुबा)
धनबहादुर श्रेष्ठ (हेमलालको बुबा)
रतिलाल पोद्दार (सोमवारे हटियाको जमीनका मुख्य दाता )
तनुकलाल पोद्दार (अशोक देवका काका)
डोमीदास पोद्दार (सत्तो पोद्दारका बुबा)
मोतीलाल पोद्दार (छेदीलाल पोद्दारका बुबा)
सुगालाल पोद्दार (महादेवका बुबा)
राजो पोद्दार (नागेश्वर चुनमुनका बुबा)
बाबुजी पोद्दार
झबर पोद्दार
जगदीश बनीया
जगतलाल पोद्दार (शिवनारायण पोद्दारको बुबा)

थारूलाल बनीया( सीताराम, रामचन्द्रका बुबा)
मनीमान श्रेष्ठ
सुकन साहू (जामुन साहू नेपाली साहका बुबा)
दरबारी साहू (डमरका बुबा)
विश्वनाथ झा (पहिलो धर्मशालाका निर्माणकर्ता)
लक्ष्मीकांत झा (लीलाकान्त कमलाकान्तका बुबा)
बौकु झा (जगदीशका बुबा)
पृथ्वी माझी (बेचनका बुबा)
रामजी माझी (उत्तमका बुबा)
वेदनिधी बराल (केदार प्रसाद सहित चार भाईका बुबा)
लक्ष्मीकांत ढुंङ्गेल (पं. रूद्र प्रसादका बुबा)
सुएल सार्की, मगर टोल
मुक्तिनाथ गुरागाई (सुदर्शनका बुबा)
पृथी बहादुर तामाङ्ग (स्यामका बुबा)
लक्षु माझी
नन्दलाल पोखरेल (किशोर ईश्वरका बुबा)
मित्रलाल पोखरेल (गोविंदका बुबा)
चेतनाथ पोखरेल (श्याम, गोपालका बुबा)
प्रेमा हलवाई
नथुनी साह हलुवाई (नुनुलालका बुबा)
नन्दलाल साह हलुवाई (रामोतारका बुबा)
बुनी साह हलुवाई (सन्तोष साहको बुढा हजूर बुबा)
सुन्दर साह (डोमी बिषुनदेवको बुबा)
किशनलाल तेली (रामेश्वरको बुबा)

बैकुंठ सापकोटा (श्यामको बुबा)
लक्ष्मी सापकोटा (राम, शंकरको बुबा)
पं. विलास निरौंला (नारायण तीर्थका बुबा)
माधव पोखरेल (महानन्द रामनाथबाजेका बुबा)
दधिराम पराजुली (शैलेन्द्रका बुबा)
उमानाथ पराजुली (सुरेशका बुबा)
वामदेव पोखरेल (गुणनिधीका  बुबा)
देवरन्जन पोखरेल (मदन, भोला पोखरेलका बुबा)
सिद्धि नारायण श्रेष्ठ  (खेमराज श्रेष्ठका बुबा)
भैरव बहादुर श्रेष्ठ (केशवका बुबा)
कुल बहादुर श्रेष्ठ
रूद्र ब.रायमाझी(चन्दाको बुबा)
रघुनाथ अधिकारी (गोपाल, विमलका बुबा)
कृष्ण बहादुर श्रेष्ठ
भक्त बहादुर श्रेष्ठ
मेठ हरि प्रसाद ओझा (माधव, कृष्ण, विश्वनाथका बुबा)
नैनसिंह थापा (प्रदीपका बुबा)
लाल बहादुर श्रेष्ठ (केशवका बुबा)
रत्नवीर श्रेष्ठ
माधव प्रसाद खनाल (प्रेम प्रसाद खनालका बुबा रमेश खनालका हजूरबुबा)
लाल बहादुर सार्की (इन्द्रका बुबा)
काजीमान सार्की
ढोडाई मेहता (हेमनारायणका बुबा)

डा.बिरेन्द्र नारायण चक्रवर्ती (विपुलेन्द्रका बुबा)
झलककृष्ण श्रेष्ठ राईटर साहब (डम्बरको बुबा)
हरि प्रसाद खनाल (मुकुन्दका बुबा)
पहलमान श्रेष्ठ(नरेन्द्रका बुबा)
गज बहादुर श्रेष्ठ- भट्टी कान्छा (केदार, विजयका बुबा)
हवलदार वीर बहादुर अर्याल (गोपालका बुबा)
हवलदार राम प्रसाद भट्ट (दिलिप, अश्विनीका बुबा)
रामप्रसाद पोखरेल (तारानाथ, नारायणका बुबा)
राममणी देवि दिक्षित (उमेशकी बडे मां)
कैलु यादव (नथुनीका बुबा)
बंगाली यादव (रामाशीषका बुबा)
खुबलाल बांतर (राजधामी)
काली बहादुर श्रेष्ठ (शीत कुमारका बुबा)
भविलाल तिवारी (सोहनका हजुरबुबा)
रामचन्द्र पराजुली- लंगडा महाजन
गंगा बहादुर सुवेदी
नारायण प्रसाद रिजाल (छविनाथ रिजालका बुबा)
दानी साह हलवाई (ललका का बुबा)
मोतीलाल यादव (पंचुका बुबा)
दानालाल महतो
सरजू कुर्मी
कारी मुसहर
पुषा मुसहर
रघु भोर (रामदेवको बुबा)

स्वरूप भोर
मोहराज भोर (श्रीरामराज भोरको हजूरबुबा)
सिक्किमलाल भोर (पर्शुरामको बुबा)
गुरू कुर्मी (किशुनदेवका बुबा)
जसलाल माझी
रघुनन्दन महतो (अरविन्द हरिलालका हजूर बुबा)
गोवर्धन महतो (भोला मेहताका बुबा, राजन मेहताका बुढा हजूर बुबा)
रामजी महतो (बोधनारायण मेहताका बुबा)
सरूपी महतो (रामप्रसाद, चिनेश्वर महतोका बुबा)
रेशमलाल महतो (राजेश्वरका बुबा)
मुनाई महतो (श्रीलाल,धनिकलाल मेहताका बुबा)
चतुरलाल मेहता (मोहन मेहताका ठूलो बुबा)
शुभलाल मेहता (सीताराम मेहताका बुबा)
मकुम महतो (राम,लक्ष्मण मेहताका बुबा ) समेत अन्य २०,२२ घर
मुसाई महतो (लक्ष्मणका हजूर बुबा )
कारी महतो (हरिलालको हजूर बुबा )
महन्थी महतो (हरिकिशुनको बुबा)
धनिकलाल महतो (सीताराम, दामोदर मेहताको बुबा)
राजेश्वरलाल कर्ण (उमेशलाल कर्णका बुबा)
गर्भु मण्डल (धनपति, सम्पतलालको बुबा)
लक्ष्मी प्रसाद दाहाल (गोपाल, कृष्णका बुबा)
सुबेदार जगत बहादुर खडका

लेख बहादुर (माइला) खडका (डिल्लीका बुबा)
जुद्ध बहादुर खडका
हर्क बहादुर खडका
झलक बहादुर खडका
जुद्ध बहादुर कार्की
दल बहादुर बांडा
अनुपदास पंडित (हंसीदासको बुबा)
दसनाराम चमार (धूर्नाको बुबा)
मानकी पंडित (अर्जुनको बुबा)
लुटन पंडित (राजेंद्रको बुबा)
दल्लु पंडित (शिव कुमारका बुबा)
फौदी पंडित (विरेन्द्रका बुबा)
जट्टु पंडित (नथुनी देविको बुबा ) ८/१० घर आएका
नरबहादुर भण्डारी (हरि भण्डारीका बुबा)
अगमलाल यादव (भोजराजका बुबा) सुनसरी खोलाका पहिला
(नाउ ठेकेदार)
बखती शिवाकोटी
सातेन मियां
चतुरलाल चौधरी
बलभद्र तिमिसीना (सागरको बुबा)
देवि भक्त तिमिसीना (भूपालको हजूर बुबा)
चक्र बहादुर पोखरेल (कृष्ण, ध्रुवका बुबा)
रामलोचन साह (वीरेन्द्र, लक्ष्मीका बुबा)
अमृत महतो (बौआलालका हजूर बुबा)

कमलापति पोखरेल (कपिल, माधवका बुबा)
छविनाथ बराल(हरिकृष्ण, केदारका बुबा)
पुहुपलाल यादव (रतनलालका बुबा)
लेफ्टन रेवतीरमण पोखरेल (विश्वरमण, सिद्धिरमण, रूक्मीणिरमणका बुबा)
पं. टिकादत्त सुवेदी (विनोदका बुबा)
राम प्रसाद सुवेदी (भरत सुवेदीका बुबा)
डा.केशरीराज कोइराला (राजीव कोइरालाका बुबा)
गणेश प्रसाद पोखरेल (विजयका बुबा)
अकलनाथ पोखरेल (भुवन, हरिका हजूर बुबा)
राम प्रसाद पोखरेल (पुष्करका बुबा)
चन्द्रवीर श्रेष्ठ (चियावाली साहुनीको दाजु)
कृष्ण बहादुर पन्त (सिपाही)
सिंहेश्वर महतो (जयप्रकाश चन्दाका बुबा)
माबुद खां (गुलाब, सलूदका बुबा)
गोकर्ण ढुंङ्गेल (राजेशका बुबा)
जगतलाल ठाकुर (डल्लुका हजूर बुबा)
सोनी ठाकुर (विश्वनाथ, मोहन ठाकुरको हजूरबुबा)
छोटी लौवा (श्रीलालका हजूर बुबा)
बुनी ठाकुर (महेंद्रका हजूर बुबा)
लखन सुनार (सहदेवका बुबा)
हीरालाल स्वर्णकार (अशर्फी स्वर्णकारका काका)
अवधलाल परियार (जुलुम, नारायणका बुबा)
रतनमान परियार (सानेका बुबा)

गुल्टेन शर्मा (योगेन्द्रका हजूर बुबा)
महिपति चापागाई (गोपालका बुबा)
विष्णु प्रसाद घिमिरे (राम, श्यामका बुबा)
हर्क बहादुर विश्वकर्मा (हरिका बुबा)
बौकाई झांगड (सितारामका बुबा)
बुचनदास झांगड
लोचन महतो (फुदीलालका बुबा)
दरपी रिखिआसन
अमृतलाल रिखिआसन
कौशी प्रसाद पोखरेल (कुमारका बुबा)
कोकिलानन्दन पोखरेल (द्वारिकाका बुबा)
धनबहादुर विश्वकर्मा (दलबहादुरका बुबा)
वासुदेव रजक, पहिलो धोबी
बाबुलाल डोम (बहिरा डोमको बुबा)
छुतरू डोम (रामजीको बुबा)
छुतरु लौवा (विष्णुको हजूरबुबा)
बुनी मरिक (प्रदीपको हजूरबुबा)
अविरे नेपाली
परमानन्द ढुंगाना (टंकनाथका बुबा)
कर्णबहादुर बस्नेत
गंगा प्रसाद पोखरेल (नारायणको बुबा)
तेज प्रसाद पोखरेल (धनकुटे बा)
मान बहादुर तिमिसिना (विष्णुमाया कार्कीका बुबा )
तकता देवि अटल (बद्रीलाल, पन्नालाल, भुरामल अटलकी

आमा)
ईश्वरचन्द अटल (जेठमल, रामनिवास अटलका बुबा)
चम्पालाल जैन (विजय सिंह, वृद्धिचन्द जैनको बुबा)
गोकुलचन्द बाघमार (मनोज जैनका हजूर बुबा)
मलुकी पंडित (ब्रह्मदेवका बुबा)
काइचा श्रेष्ठ (दिलबहादुरको बुबा)
लक्ष्मी स्वर्णकार (दिगम्बरको ठूलाबा)
आदि इत्यादी।

# इनरुवाका श्रेष्ठ



जमिन्दार धन बहादुर श्रेष्ठ　　　　श्रीमती बालकुमारी श्रेष्ठ



स्व. होमबहादुर (ठूले बाबु) श्रेष्ठ



स्व. दिलबहादुर (सानो बाबु) श्रेष्ठ

# इनरुवाका केही तस्विरहरु



हाल इनरूवा बजार



इनरूवाको गोल चोक




इनरूवा चोकको गेट



बलाहा नहरमा छठ पर्व



हाल भगवती स्कूल



पूरानो सिनेमा हल (कमल टाकिज)



कृष्ण जन्मअष्ठमीमा रथ यात्रा



रेडियो



भगवती मन्दिरमा बैशाख ८को सिरूवा मेला



महानन्द स्मृति पार्क



सुनसरी नदीमा छठ पर्व



भगवती मन्दिरको पश्चिम तर्फको गेट



गोरूगाढी



सुनसरी नदीमा नमामि सुरसरि




हाल महानन्द स्मृति पार्क

नोटः केही फोटाहरू सामाजिक सन्जालबाट साभार गरिएका छन् ।

# लेखकको पारिवारिक चिनारी

"देवि" कै म प्रसाद भएँ जनम भो अत्री कुलैमा यहाँ ।
सौ वर्षै हुनलाई बाँकी हुन गो "सात" मात्र यो धर्तीमा ।।
पिता "चन्द्रप्रसाद" को तनय हुँ, "वृन्दा" हुनु भो मुमा।
दिदी बैनी थिए तीनैजन पनि चाँडै गए स्वर्गमा ।।१
भाइ एक थिए दसै वर्षमा वैकुण्ठवासी भए।
बाँकी एक छु पितृ सन्तति बुढो पाते म देवि रहें।।

पिता "पूर्ण प्रसाद" की तनयी हुन्, माता प्रिया "माधवी"
उनकै कोखमहाँ जन्म हुन गयो कान्छी "जमुना" भईन्
उनकै साथ महाँ विवाह हुन गो कच्चा उमेरै महाँ ।
उनकै सन्तति हुन् भनेर अहिले उल्लेख गर्छु यहाँ ।।
देवि औ जमुना भएर त यहाँ चार पुत्री तीन पुत्र हुन्।

जेठो पुत्र रहेन यो जगतमा पारी गयो दुख्छ मन ।।
माईलोमा हुन भो विवेकी बुझने "सुवास" हो भन्दछन् ।
कान्छा हो ऊ "दिवास" भने पनि सबै वैष्णव भनी जान्दछन्।।
सुवासको पनि पुत्र एक हुन गयो "सागर" भनी चिन्दछन् ।।
सागरको पनि पुत्र एक हुन गयो "लोकराज" नै भन्दछन् ।।
दिवासको पनि पुत्र एक हुन गयो साकार भन्छन सबै ।
भित्री ज्ञानी र बुद्धिमानी ऊ पनि, खोज्ने विदेश जान नै ।।
नातिनी कति प्यारी आठ पढने नाउँ समीक्षा यहाँ ।
टुप्पी देखी हँस्यौली साथ उहिल्यै खोल्थिन शिखा माथमा ।।

सुवासकी सँगिनी सरस्वती भइन् दिवासकी कल्पना ।
सागरले अति प्यार गर्दछ सदा आशा बुहारी महा ।।
त्यसका वाद भइन सुपुत्री "मधु" औ उनको भयो स्वर्गवास ।
उनका सन्ततिमा प्रमेश भइदिए वस्छन् ती विदेश वास ।।
"इन्दु" माइली हुन् र सासु ससुरा—सेवा गरी बस्तछिन् ।
दुःखीको उपकारी पुत्र उनको "प्रशील" प्रख्यात छन्।
विन्दु साइँली रूप, जन्मिन गइन्, बस्छिन् सुरुङ्गा महाँ ।
पुत्रै छन् दुइ भाइ सज्जन जविन, कान्छा प्रविनै त्यहाँ ।।
कान्छी सिन्धु भइन् प्रकाश छरिदिइन् त्यो वीरतामोड गइ।
पुत्रैछन् दुइ जो प्रसिद्ध र प्रशोधन् बस्छन् त्याही नै गइ
जेठा ज्वाइँ श्री तुलसी जी हुनुभो नामी मधुका पति ।
इन्दु ज्वाइँ हुन भएन घरमा मनमा छ दुःखै अति ।।
विन्दु ज्वाइँ नर प्रसाद हुनुभो ख्याति प्रतिष्ठा धरी ।
सिन्धु ज्वाइँ प्रकाशजी हुनु भयो सूर्यै नचाहिने गरी ।।
जविनको हुनगो सुजातासँग नै विवाह वन्धन याहाँ
प्रशिलको हेलीना सितै हुन गयो विवाह वन्धन त्याहाँ
प्रमेशले अति प्यार गर्दछ सढा दुर्गा जपि मन भरी
प्रविनले अती हर्समानी खुसबु ल्यायो विवाह गरी
प्रसिद्ध हुनगो विदेश बसने सिल्पा लीइ साथमा
प्रशोधन पनि खुस भएर सगमा कञ्चन लीइ गाथमा
नातिनी ज्वाइँ (मधु तर्फ):— नातिनी तिरबाट ज्वाइँ हुनु भो छ मात्र यस ठाउँमा ।
माफी पाऊ भनेर ढोग्दछु यहाँ उचनिच भो लेखमा ।।
मधुकै तिरबाट हेर्नु परदा रक्षा कुमुद भन्दछन् ।

सन्तानमा दुई मात्र देख्छु सुत औ प्यारै सित राख्तछिन ।।
माइला ज्वाइँ रमेशी हुनु भयो साथै प्रतीक्षा लिई ।
पुत्री पुत्र भए दुवैजन महाँ माया अतिनै दिई ।।
कान्छामा भूपराज नै हुनुभयो साथै प्रविना महाँ ।
सन्तानमा दुई भाइ देख्छु अहिले बस्छन दुवै साथमा ।।
इन्दुका तिरबाट हेर्नु परदा नितु, रविन भन्दछन् ।
नाति एक भयो भनेर घरमा जिबा, सबै हास्तछन् ।।
विन्दुतर्फ भइन नि नानी प्रमिशा सन्तोष गरी बस्नुभो ।
पुत्री पुत्र भए भनेर घरमा खुसी भई हाँस्नु भो ।।
सिन्धुका पनि ज्वाइँ प्राप्त हुनु भो मंजित भनी नाम चल्यो ।
प्रशिक्षा तिरबाट पुत्री दुइटी ईश्वरा—वरदान भो ।

# सहयोगी पुस्तकहरु

१) वरिष्ठ राजनीतिज्ञ स्व. दिलबहादुर श्रेष्ठ स्मृति-ग्रन्थ २०७४

२) माँ (इनरुवा-१ निवासी चितलांगिया परिवारको प्रकाशन)

३) एवम् इनरुवाका वरिष्ठ नागरिकहरुको सुझाव


सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
वागमति प्रदेश
कोशी प्रदेश
लुम्बिनी प्रदेश
मधेश प्रदेश
दार्चुला
बैतडी
बझाङ
बाजुरा
डडेल्धुरा
डोटी
अछाम
कञ्चनपुर
कैलाली
हुम्ला
मुगु
जुम्ला
डोल्पा
कालिकोट
दैलेख
जाजरकोट
रुकुम
सुर्खेत
सल्यान
बर्दिया
बाँके
दाङ
रोल्पा
प्यूठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
मुस्ताङ
म्याग्दी
मनाङ
बाग्लुङ
कास्की
लमजुङ
गोरखा
स्याङ्जा
तनहुँ
नवलपरासी
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
धादिङ
दोलखा
काठमाडौं
चितवन
मकवानपुर
काभ्रेपलाञ्चोक
रामेछाप
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिरहा
सप्तरी
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
उदयपुर
इलाम
सुनसरी
मोरङ
झापा

# लेखकको परिचय



| | | |
|---|---|---|
| नाम | : | देवीप्रसाद खतिवडा |
| जन्ममिति | : | वि.सं १९८९ चैत्र १३ गते |
| जन्मस्थान | : | क्यानिम, ताप्लेजुङ |
| माता | : | स्व.वृन्दादेवी खतिवडा |
| पिता | : | स्व.चन्द्रप्रसाद खतिवडा |
| श्रीमती | : | स्व.जमुनादेवी खतिवडा |
| छोराबुहारीहरू | : | सुवास+सरस्वती, दिबस+कल्पना खतिवडा |
| छोरीज्वाइहरू | : | स्व.मधु+तुलसीप्रसाद काफ्ले, इन्दुदेवी+ तिर्थविलास दाहाल, बिन्दु+नरप्रसाद तिम्सिना, सिन्धु+प्रकाश निरौला |
| नातिनातिनीहरू | : | जविन, प्रसिल, प्रमेश, तारा, प्रसिद्ध, प्रशोधन, सागर, साकार, रक्षा, प्रतिक्षा, प्रविना, प्रमिशा, प्रशिक्षा, नितु, समीक्षा, |
| पनाति | : | उर्जा, सार्थक, साक्षी, कुशाग्रह, आरभ, अग्रता, रायन, आराध्या, आरम्भ, लारेन, सम्प्रति, हार्दिक, अबिन, रिवाज, आरवि, क्लारा, रोसेन, आध्या, सोम्य, श्रेयान |
| ठेगाना | : | हाल इनरूवा-१,सुनसरी |

9789937195621